# खजुरा गाउँपालिकाको
## राजश्व सुधार कार्ययोजना
(आ.व.२०७९/८०-२०८१/८२)

**Revenue Improvement Action Plan**
**(Draft Report)**
**Khajura Rural Municipality**

**आर्थिक तथा प्राविधिक सहयोग**
**प्रदेश प्रशिक्षण प्रतिष्ठान**
**नेपालगञ्ज, बाँके**

**प्राविधिक सहजीकरण**
**सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.लि**
**तिलोत्तमा-३, रुपन्देही**
**२०७८ चैत्र**

# खजुरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### खजुरा, वांके
### लुम्बिनी प्रदेश, नेपाल

## गाउँपालिकाका अध्यक्षको सन्देश

खजुरा गाउँपालिकाले राजश्व सुधार कार्य योजना (२०७९/८०–२०८१/८२) सहभागितात्मक रुपमा पहिलो पटक तयारी गरेको छ। संवैधानिक अधिकार भित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गाउँपालिकाको आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित र प्रभावकारी रुपमा प्रयोग  गर्न चुनौतीहरु रहेको सन्दर्भमा आन्तरिक आयलाई मजवुत गर्ने उद्धेश्यले यस खजुरा गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयारी गरिएको छ । यो योजनाले समग्र राजश्वको अवस्था विश्लेषण गरि  आगामि ३ वर्षको राजश्वको प्रक्षेपण र राजश्व सुधारको लागि सवै पक्षको जिम्मेवारी सहित कार्ययोजना तय गरिएको छ । यस योजनाले आगामि जन जनप्रतिनिधि,, राजश्व परामर्श समिति र कर्मचारीहरुलाई सहि मार्गनिर्देश गर्ने अपेक्षा गरेको छु ।

यस राजश्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियामा सहभागी भई योगदान पुयाउनु हुने राजश्व परामर्श समितिका संयोजक एवं उपाध्यक्ष, राजश्व परामर्श समितिका सदस्यहरु, कार्यपालिकाका सदस्यहरु, गाउँपालिकाका विभिन्न शाखा तथा ईकाईका कर्मचारीहरु, पत्राकार तथा विभिन्न संघसंस्थाहरू प्रति आभार व्यक्त गर्दछु ।

यसैगरी राजश्व सुधार कार्ययोजना तर्जुमा प्रकृयामा सहयोग गर्ने प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्जलाई हार्दिक कृतज्ञता सहित धन्यवाद दिन चाहन्छु ।  प्राविधिक रुपले सहजिकरण गर्ने सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.लि., रुपन्देही र त्यस संग सम्बद्ध विज्ञहरुलाई विषेश धन्यवाद सहित आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यस गाउँपालिकाको यस राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको साथ सहयोग समेत रहने अपेक्षा गर्दछु ।

**किस्मत कुमार कक्षपति**
**अध्यक्ष**
**मिति : २०७८ चैत्र**

# खजुरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### खजुरा, बांके
### लुम्बिनी प्रदेश, नेपाल

**गाउँपालिकाका उपाध्यक्षको सन्देश**

यस खजुरा गाउँपालिकाको समग्र राजश्व सुधारको लागि सहभागितात्मक प्रक्रियाबाट राजश्व सुधार कार्ययोजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवको अनुभूति भएको छ । यो योजनामा गाउँपालिको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा बर्तमान समस्या बिश्लेषण तथा सुधारका कृयाकलापहरु सहितको अगामी ३ बर्षको आय प्रक्षेपणको फेहरिस्त रहेको छ । हामीले विगतका वर्षहरुमा आर्थिक ऐन तयार गर्दा, यसैगरी राजश्वको संभाव्यता र राजश्व प्रक्षेपण गर्दा प्राविधिक कठिनाईको अनुभव गरेको अवस्थामा यो कार्ययोजनाले आगमी दिनमा वस्तुगत रुपमा गा.पा.को राजश्व प्रशासनमा सुधार गर्दै आन्तरिक आय वृद्धि गर्नै अपेक्षा गर्दछु ।

यस राजश्व सुधार कार्ययोजना तयारीको कममा सक्रिय रुपमा सहभागी भई सुझाव र योगदान दिनु हुने गा.पा.का अध्यक्षज्यू, राजश्व परामर्श समितिका सदस्यहरु, गाउँ कार्यपालिका पदाधिकारीहरु, गा.पा.का विभिन्न शाखा तथा ईकाइका कर्मचारीहरु, वडा सचिवहरु र विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सकृय सहभागिता र यहांहरुले प्रदान गर्नु भएको महत्वपूर्ण सुझावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । यसैगरी यस राजश्व सुधार कार्ययोजना तर्जुमाको सिलसिलामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने प्रदेश प्रशिक्षण प्रतिष्ठान, प्रमुख प्रशासकीय अधिकृत र परामर्शदाता संस्था प्रति हार्दिक धन्यवाद प्रकट सहित आगामि दिनमा यस कार्ययोजनालाई कार्यन्वयनमा लैजाने प्रतिवद्धता व्यक्त गर्दछु ।

**एकमाया विक**
**उपाध्यक्ष**
**मिति : २०७८ चैत्र**

# खजुरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### खजुरा, बांके
### लुम्बिनी प्रदेश, नेपाल

**प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य**

खजुरा गाउँपालिकाको राजस्व सुधारका लागि गाउँपालिकाकै नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्वन गरी यो राजश्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको प्रमुख उपलब्धिका रुपमा गाउँपालिकाका जनप्रतिनिधिहरु, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त हुनुका साथै गाउँपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी सुधारको कार्ययोजना तयार गर्ने र आगामी तीन वर्षहरुका लागि आयको प्रक्षेपण गर्ने मार्गदर्शन तयार भएको छ ।

यस दस्तावेजले गाउँपालिकाको हालको नेतृत्व तथा भावी जनप्रतिनिधिहरूलाई समेत मार्गदर्शन गरी गाउँपालिकाको राजश्व सुधारको लागि महत्वपूर्ण सहयोग पुर्‍याउने विश्वास लिएको छु ।

अन्त्यमा, खजुरा गाउँपालिकाको यस राजश्व सुधार कार्ययोजना तयारीको कार्यमा सहयोग गर्ने प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्ज, आदरणीय गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, सवै कर्मचारीहरु र यस योजना तर्जुमा प्रकृयामा प्राविधिक रुपले सहजिकरण गर्ने सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.लि., रुपन्देही र त्यस संग सम्बद्ध सम्पूर्ण विज्ञहरुलाई विषेश धन्यवाद सहित आभार व्यक्त गर्दछु ।

**वल वहादुर के.सी**
**प्रमुख प्रशासकीय अधिकृत**
**मिति : २०७८ चैत्र**

# विषय सूची


| परिच्छेद | विषयवस्तु | पेज नम्बर |
|---|---|---|
| **परिच्छेद-१** | **राजश्व सुधार कार्ययोजनाको परिचय** | **१** |
| | १.१ पृष्ठभुमी | १ |
| | १.२ राजश्व सुधार योजनाको परिचय | १ |
| | १.३ राजश्व सुधार योजनाको औचित्य | २ |
| | १.४ कार्ययोजनाको उद्देश्य | ३ |
| | १.५ सूचना संकलन तथा कार्यशाला सञ्चालन विधि तथा प्रक्रिया: | ३ |
| | १.५.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन | ३ |
| | १.५.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास | ४ |
| | १.५.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम | ४ |
| | १.५.४ तथ्यांक/सूचना संकलन तथा बिश्लेषण | ६ |
| | १.५.५ राजश्ब सुधार कार्ययोजना प्रस्तुतिकरण र सुझाव संकलन कार्यशाला | ६ |
| | १.५.६ कार्ययोजनालाई अन्तिम रुप प्रदान | ६ |
| | १.६ अध्ययनका सीमाहरू | ७ |
| **परिच्छेद-२** | **२.१ गाउँपालिकाको संक्षिप्त परिचय:** | **८** |
| | २.१ गाउँपालिकाको संक्षिप्त परिचय: | ८ |
| | २.२ गाउँपालिकाका आर्थिक अवस्था | ८ |
| | २.३ आवास तथा वस्ति विकास | १२ |
| | २.४ भौतिक पुर्वाधार | १४ |
| | २.५ मानव संशाधन | १६ |
| | २.६ स्थानीय तह संस्थगत स्वमुल्याङन (२०७८/७९ ) को अवस्था विश्लेषण | १७ |

| परिच्छेद | विषयवस्तु | पेज नम्वर |
|---|---|---|
| | २.७ राजश्व परिचालनको लागि प्रशासनिक व्यवस्थापन | १७ |
| | २.८ राजश्व र वित्तिय व्यवस्थापन सम्वन्धी नीति तथा कार्यक्रम | १८ |
| **परिच्छेद-३** | **स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता** | **१९** |
| | ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था | १९ |
| | ३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था | २१ |
| | ३.३ आन्तरिक आय तथा राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण | २३ |
| **परिच्छेद-४** | **आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था** | **३०** |
| | ४.१ राजश्व परिचालन सम्बन्धी संस्थागत ब्यबस्था | ३० |
| | ४.२ गाउँपालिकाको राजश्व तथा अनुदान संकलनको अवस्था | ३० |
| | ४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता | ३२ |
| | ४.४. राजश्व परिचालनमा रहेका सवालहरू | ३३ |
| **परिच्छेद-५** | **राजस्व सुधार कार्ययोजना** | **३४** |
| | ५.१ कर तथा गैर कर राजश्व सुधार कार्ययोजना | ३४ |
| | ५.२ राजश्व प्रशासन सुधार योजना | ३७ |
| **परिच्छेद-६** | **आगामी तीन वर्षको आय प्रक्षेपण** | **४०** |
| | ६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण | ४१ |
| | ६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण | ४१ |
| **परिच्छेद-७** | **अपेक्षित नतिजा** | **४४** |
| **परिच्छेद-८** | **अनुगमन तथा मूल्यांकन** | **४६** |
| **अनुसुचि** | सन्दर्भ सामग्रीहरू | ४७ |
| | कार्यक्रमका तस्वीर तथा उपस्थिती | ४८ |
| | तथ्यांक संकलन सूची | ५२ |

# परिच्छेद-१
# राजश्व सुधार कार्ययोजनाको परिचय

## १.१ पृष्ठभुमी
नेपालको संबिधान २०७२ को धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने उल्लेख गरिएको छ । त्यसैगरी नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानुन बमोजिम गर्ने छ । राज्यशक्तिको बाँडफाँट संविधानको धारा ५७ ले स्पष्टसँग संघ, प्रदेश र स्थानीयमा गरिदिएको छ । सोही धारामा संविधानको अनुसूची ८ मा स्थानीय तहका एकल अधिकारका क्षेत्रहरु तथा अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सम्बन्धमा स्पष्ट उल्लेख गरिएको छ ।

खजुरा गाउँपालिका वांकेको मुख्य आय स्रोतमा संघीय तथा प्रदेश सरकारबाट वार्षिक रुपमा प्राप्त हुने समानिकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त रकम रहेका छन् । त्यसैगरी संविधानत प्राप्त अधिकार क्षेत्रबाट स्थानीय स्तरमा आन्तरिक कर, सेवा शुल्क, दस्तुर तथा राजश्व रहेका छन् । वार्षिक बजेटमा यस गाउँपालिकाले आन्तरिक रुपमा उठाउने राजस्वको अनुपात न्यून रहेको छ । नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई विभिन्न स्रोतबाट कर उठाउन सक्ने प्रावधान गरेको भए तापनि यथार्थमा यस्ता स्रोतहरुबाट यथेष्ट राजस्व उठाउन नसक्नु गा.पा. ले आन्तरिक स्रोतबाट कम राजस्व परिचालन गर्नुको एक कारण हो । अर्कोतर्फ, राजस्व उठाउन सकिने संभावना रहेका क्षेत्रहरु बाट पनि गाउँपालिकाले राजस्व उठाउन सकिरहेको छैन ।

आन्तरिक आयका श्रोतहरुको सम्भावनाको सम्बन्धमा अध्ययन गरी राजश्व सुधार कार्ययोजना सहितको प्रतिवेदन मार्फत राजश्व परामर्श समितिलाई राजस्व अवस्थामा सुधार गर्न तथा आगामी तीन वर्षसम्मको राजस्व प्रक्षेपण गर्ने कार्यलाई सहयोग पुर्‍याउने उद्देश्यकासाथ  प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्जको आर्थिक सहयोग तथा विज्ञ संस्था सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट, रुपन्देहीको सहजिकरणमा खजुरा गाउँपालिकाले यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) तयार गरेको छ । यस प्रतिवेदनमा खजुरा गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन, विश्लेषण गरी प्राप्त नतिजाका आधारमा राजस्व सुधारको लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरिएको छ र सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण समेत गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिको राजश्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा आगामी वर्षहरूको बजेट तयार गर्न आधार बन्ने विश्वास लिइएको छ । यस प्रतिबेदनमा मुख्यतया निम्न विषय वस्तुहरूलाई समेट्ने प्रयास गरिएको छ ।

**प्रतिवेदनमा समेटिएका विषयवस्तुहरु**

१.राजश्व सुधार कार्ययोजनाको परिचय
२. गाउँपालिको संक्षिप्त परिचय
३. स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजश्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण

## १.२ राजश्व सुधार योजनाको परिचय
नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय

राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघ-संस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गाउँपालिकाको आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पर्णूरुपमा परिचालन गर्न सकिरहेका छैनन् । यसको मुख्य कारण स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

खजुरा गाउँपालिकाको राजस्व सुधारका लागि गाउँपालिकाकै नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्बन गरी यो कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको प्रमुख उपलब्धीका रुपमा गाउँपालिकाका जनप्रतिनिधिहरु, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त हुनुका साथै गाउँपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी सुधारको कार्ययोजना तयार गर्ने र आगामी तीन वर्षका लागि आयको प्रक्षेपण गर्ने मार्गदर्शन तयार भएको हुनेछ ।

### १.३ राजश्व सुधार योजनाको औचित्यः

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार नगरपालिका तथा गाउँपालिकाहरुलाई स्थानीय स्तरमा आन्तरिक आय संकलन गर्ने अधिकार प्रदान गरेको छ । गाउँपालिका तथा नगरपालिकाले आफैले कर तथा शुल्कको दर निर्धारण गरी संकलन गर्न सक्ने व्यवस्था छ । स्थानीय तहलाई प्रदान गरिएका मुख्य करहरुमा सम्पत्ति कर,भुमि कर, व्यवसाय कर, घरजग्गा वहाल कर आदि रहेका छन् भने शुल्कमा नक्सापास, इजाजत, प्रमाणित, सिफारिश आदि रहेको छ । त्यसैगरी स्थानीय तहले आफ्नो सम्पत्ति परिचालनवाट र सार्वजनिक जग्गावाट वहाल विटौरी लिन सक्ने व्यवस्था छ । यसका अतिरिक्त स्थानीय तहलाई प्राकृतिक स्रोतहरुको विक्री, निकासीवाट समेत आय संकलन गर्न सक्ने व्यवस्था रहेको छ ।

कानूनले स्थानीय तहलाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भएतापनि खजुरा गाउँपालिकाले त्यसको पुर्णरुपमा परिचालन गर्न सकिरहेको अवस्था छैन । जसको मुख्य कारणमा स्थानीय तहको संरचना नयाँ हुनु, आवश्यक नीति तथा कार्यविधि तर्जुमा नहुनु, संगठनात्मक व्यवस्था नहुनु , सूचना तथा तथ्यांकको अभाव, आयको सम्भाब्यता अध्ययन नहुनु, आन्तरिक नियन्त्रण प्रणालीको स्थापना तथा त्यसको अभ्यासमा कमी हुनु रहेको पाइन्छ ।

यसै तथ्यलाई मध्यनजर गर्दै खजुरा गाउँपालिकाले आफ्नो आय संकलन तथा परिचालन क्षमतामा सुधार ल्याउनको लागि राजश्व सुधार सम्वन्धी अध्ययन तथा कार्ययोजना तर्जुमा सम्वन्धी कार्य अगाडी बढाएको छ । प्रस्तुत अध्ययन कार्यको सिलशिलामा स्थानीय तहका प्रतिनिधिहरु, कर्मचारी तथा अन्य सरोकारपक्षहरुलाई आन्तरिक आय संकलन तथा परिचालन समवन्धमा अभिमुखिकरण गरी आन्तरिक आयको दर र दायरामा हुनसक्ने परिवर्तन/सुधारका संभावनाहरुको खोजी, नयाँ स्रोतहरुको पहिचान एवं प्रशासनिक व्यवस्थामा हुन सक्ने सुधारको सम्भाब्यता पहिचान गर्न कार्यशाला आयोजना गरी कार्ययोजना सहितको दस्तावेज तयार हुने अपेक्षा सहित कार्य अगाडी बढाइएको छ । साथै यस कार्ययोजनाले आन्तरिक श्रोतहरुको पहिचाजनका साथै गाउँपालिकाको राजस्व परिचालनको साथै आन्तरिक नियन्त्रण प्रणालीको स्थापनामा समेत सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

खजुरा गाउँपालिकाको राजश्व अध्ययन कार्यबाट देहाय अनुसारको नतिजाहरु अपेक्षा गरिएको छ ।

- गाउँपालिकाबाट अभ्यास भैरहेको हालको राजस्व प्रणालीका विविध पक्षहरुको मूल्याङ्कन हुने र कार्य संचालनमा भएका कमी कमजोरीहरु पहिचान भई समिक्षा हुनेछ ।
- बिगत आ.व.हरुको समग्र राजस्व तथा व्ययका प्रवृत्तिहरुको लेखाजोखा हुनेछ ।
- राजस्व संकलन बृद्धिका संभावनाहरुको पहिचान भएको हुनेछ ।
- गाउँपालिकाको राजश्व संकलनको क्षेत्रमा सुधारका उपायहरु प्रस्ताव भएको हुनेछ ।

## १.४ कार्ययोजनाको उद्देश्य

गाउँपालिकाको राजश्व सुधार कार्य योजना तयारी गर्नुको मुलभूत उद्देश्य गाउँपालिको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा बर्तमान समस्या बिश्लेषण तथा सुधारका कृयाकलापहरु सहितको अगामी ३ बर्षको आय प्रक्षेपण रहेको छ भने यस कार्ययोजना तयार गर्नुका विशिष्ठ उद्देश्यहरू देहाय अनुसार रहेका छन् ।

- स्थानीय तहको आय अधिकार तथा सुधार योजना सम्वन्धमा निर्बाचित जनप्रतिनिधिहरु, राजश्व परामर्श समितिका सदस्यहरु, कर्मचारीहरु तथा सरोकारवालाहरुलाई राजश्व सुधार कार्ययोजनाको बारे अभिमुखिकरण गर्ने
- आन्तरिक आय बृद्धिको लागि आयका प्रमुख स्रोतहरुको संभावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने
- आन्तरिक आयको बृद्धिदर तथा कुल आयमा आन्तरिक आयको हिस्साको बृद्धिदरको विश्लेषण गर्ने ।
- राजश्व प्रशासनको संस्थागत ब्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार रणनीति र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरुको पहिचान गर्ने ।

## १.५ सूचना संकलन तथा कार्यशाला सञ्चालन

कार्ययोजना तयारी गर्ने कार्यकालागि बर्तमान कोभिड-१९ को महामारीलाई मध्यनजरगरी स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाउदै गाउँपालिकााका पदाधिकारी तथा कर्मचारीहरु सहितको सहभागितामा अभिमुखिकरण कार्यक्रम तथा कार्यशाला आयोजना गरी सम्पन्न गरिएको थियो । यसका साथै अन्तरक्रिया तथा सूचना संकलन फारामको उपयोग तथा सम्बन्धित कर्मचारी तथा जनप्रतिनिधिहरुसँग छलफल जस्ता विधिहरूबाट कार्ययोजना तयारीका लागि थप सूचना संकलन गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### १.५.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको





थियो । गाउँपालिकाको वेवसाईटमा उपलब्ध सुचना तथा बार्षिक प्रतिबेदनहरु, गाउँपालिकाको शाखागत छलफल, राजश्व परामर्श समितिसंगको छलफल र उद्योग वाणिज्य संघ र घरेलु तथा साना उद्योग संघ लगायत सन्दर्भ सामाग्रिहरुवाट सुचना तथा तथ्यांकहरु संकलन र विश्लेषण गरि प्रारम्भिक प्रतिबेदन तैयार गरी प्रदेश प्रशिक्षण प्रतिष्ठान र यस नगरपालिकामा पेश गरिएको थियो । त्यस पश्चात कार्ययोजना अनुसार नै प्रारम्भिक सुचनाहरुलाई

आधार लिदै पुन : यस गाउँपालिकाका बिभिन्न शाखा जस्तै राजश्व उप शाखा, लेखा शाखा, घरनक्सा शाखा, खरिद शाखा, अर्थिक विकास शाखा लगायत विभिन्न शाखा तथा एकाईहरुबाट आवश्यक सुचना र तथ्याङ्कहरु संकलन गरियो । यसक्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू निंनानुसार रहेकाछन् ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी ब्यवस्था, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- लुम्विनी प्रदेश आर्थिक ऐन, २०७८
- खजुरा गाउँपालिकाको आर्थिक ऐनहरु, २०७७ र २०७८
- खजुरा गाउँपालिकाको नीति तथा कार्यक्रम २०७७ र २०७८
- खजुरा गाउँपालिकाको वस्तुगत विवरण, २०७६
- खजुरा गाउँपालिकाको विभिन्न आर्थिक वर्षहरूको नगर विकास योजना, बजेट तथा कार्यक्रमहरू
- गाउंपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना दिग्दर्शन २०७६
- खजुरा गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्न नतिजा (आ.व.२०७७/०७८)

### १.५.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास

तथ्यांक संकलन गर्नुअघि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण गरी परामर्शदातृ संस्थाले अन्य स्थानीय तहहरुमा गरेको अभ्यास तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित कार्यबिधि समेतलाई मध्यनजर गरी सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

### १.५.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम

**कार्यकम समुद्घाटन** २०७८ पौष १३ गतेका दिन खजुरा गाउँपालिकाको राजश्व परामर्श समितिका संयोजक एवं उपाध्यक्ष श्री एकमाया वि.क ज्यूको अध्यक्षतामा खजुरा गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयारी सम्वन्धी अमिुखिकरण र छलफल कार्यकम सम्पन्न भयो । कार्यकमको प्रमुख अतित्थ्यता गाउँपलिकाका अध्यक्ष श्री किस्मत कुमार कक्षपति रहेको थियो । कार्यकमको सञ्चालन गाउँपालिकावाट लेखा अधिकृत श्री प्रदिप सुनारज्यूवाट भएको थियो भने कार्यकमको उद्धेश्य माथि प्रकाश गर्ने कार्य वित्तविज्ञ श्री हर गोविन्द पाण्डेवाट भएको थियो । यसको लगतै अध्ययन टोलीका प्रमुख श्री टीकाराम पन्थीले विषयवस्तुमाथि केन्द्रित रहेर प्रस्तुतिकरण गर्नु भएको थियो । यसपछि खुल्ला छलफल र समुहगत कार्यगरी कार्यकमका अध्यक्षज्यूवाट धन्यवाद ज्ञापन सहित अभिमुखीकरण कार्यकमको समापन गरिएको थियो ।





साथै राजस्व सुधार कार्य योजना तर्जुमामा आवश्यक सहयोग तथा सहजिकरणको लागि राजश्व परामर्श समितिका संयोजक एवं उप प्रमुख श्री एक माया बि.क को संयोजकत्वमा कार्यपालिका सदस्य श्री निसार अली दर्जि, प्रतिनिधि नेपाल घरेलु तथा साना उद्योग महासंघ खजुरा, लेखा शाखा प्रमुख तथा परामर्शदाता प्रतिनिधि रहेको कार्यदल गठन गरिएको थियो ।

**जम्मा सहभागि**

कार्यक्रमका जम्मा सहभागि संख्या १८ जना रहका थिए । यसमध्ये महिलाको संख्या ४ जना थियो भने १४ जना पुरुषको संख्या थियो । जातजाती सहभागित विश्लेषण गर्दा दलितको संख्या ४, जनजातीको संख्य २ र अन्यको संख्या १२ रहेको थियो । उपस्थिती मध्ये जन प्रतिनिधीको संख्या ५, कर्मचारीको संख्या १० थियो भने अन्य सरोकारवालाहरुको संख्या ३ जना थियो । कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग महासंघ अध्यक्ष समेतको सहभागिता रहेको थियो ।

**छलफल तथा अन्तरकृया**

कार्यक्रममा सहजकर्तावाट विषयवस्तुको प्रस्तुति पश्चात सहभागिहरुको विचमा छलफल भएको थियो । छलफलको क्रममा बक्ताहरुको मन्तव्यको सार निंनानुसार रहेको छ ।

**गाउँपलिकाका अध्यक्ष श्री किस्मत कुमार कक्षपतिज्यू**

व्यवसायिहरुको लगत संकलन गर्ने र आवष्यक व्यवसायिक कर लगाउन आवष्यक छ । घरवहाल करमा संघ संस्थाले तिरिरहेका छन् भने अन्य घरहरुवाट आएको छैन । व्यवसाय करमा ५ लाख भन्दा माथि कारोवार हुने व्यवसायीहरुको दर्ता गर्ने गरिएको छ । राजश्वको लगत संकलनको लागि विद्यार्थिहरु समेत परिचालन गर्न सकिन्छ । यि सवै विषयमा अध्ययनले महत्वपूर्ण पृष्ठपोषण दिने अपेक्षा गरिएको छ ।

**खजुरा गाउँपालिकाको राजश्व परामर्श समितिका संयोजक एवं उपाध्यक्ष श्री एकमाया वि.क**

यस अध्ययनले राजश्व प्रशासन सुधार गर्न, राजश्वको दर र दायरा फरकिलो वनाउन सुझाव दिने अपेक्षा गरिएको छ । निर्वाचित जनप्रतिनिधीहरुको कार्यकाल अन्तिम तिर आएको छ । अहिले सम्म राजश्व सम्वन्धी प्रभावकारी क्षमता विकास र सचेतनामुलक कार्यक्रम नहुंदा राजश्वमा अपेक्षकृत सुधार हुन नसकेको अवस्था छ । राजश्व सुधार सम्वन्धी विषयवस्तुहरु कर्मचारीहरुले पनि राजश्व परामर्श समितिलाई सुझाव दिनु पर्ने हुन सकेको छैन । जस्तो घर नक्सा फांटमा के कस्ता समष्याहरु छन् ,के कस्ता सवल पक्षहरु छन्, यसैगरी आर्थिक शाखा र राजश्व शाखाले राजश्व वृद्धि गर्ने उपायहरु के कस्ता छन यस्ता विषयहरुमा खुल्ला छलफल गर्नु पर्दछ । विभिन्न अन्य विषयगत समितिहरुको पनि यस सम्वन्धमा क्षमता विकास गरेमा राजश्व सचेतना अभियानमा सहयोग मिल्नेछ ।

**सहभागिहरुवाट आएका अन्य राय सुझावहरु**

- उद्योग व्यवसायहरु सुचिकृत हुनु पर्ने । सुचिकृत हुने वित्तिकै कर तिर्नु पर्दछ भन्ने कुरा व्यवसायीहरुले लिने गरेकोले सुचिकरण गर्ने कार्यको लागि पनि चुनौती रहेको
- ५० वटाको हाराहारीमा रहेका ईट्टा भट्टाहरुलाई करको दायरामा ल्याउनु पर्ने
- कवााडी र छालाको राजश्व असुलि गर्ने संभावना छ । हाल सम्म हुन नसकेको
- रक्सि उत्पादन र व्यवसायीहरुलाई करको दायरामा ल्याउने सम्वन्धमा छलफल र निर्णय गर्नु पर्ने
- विज्ञापन करको लागि कम दर रेटमा आएको कारण प्रयास गर्दा गर्दै सफल नभएको
- सवै विषयगत समितिका सदष्यहरु सकृय हुन पर्ने
- ऐलानी जग्गाको माटो उत्खनन कार्य वढेको छ । यसलाई राजश्वको दायरामा कसरी ल्याउने । माटो जतासुकैवाट उत्खनन गर्दा पानी वहावमा समेत समष्या वनाएको छ ।
- हाट वजारहरु ७ वटा रहेका, वहाल विटौरीको सम्भावना रहेको, वहाल कर वैंकहरुवाट मात्रै आउने गरेको ।

- नयां घर नक्सा वर्षमा ३ वटा मात्रै आउने गरेको । वैकमा धितो राख्ने समयमा डि.पि.सि. गर्दाको वखतमा प्राय आउने गरेको

### १.५.४ तथ्यांक/सूचना संकलन तथा बिश्लेषण

तथ्यांक संकलनका लागि अभिमुखिकरण कार्यक्रममा प्रदान गरिएका ढाँचा तथा फारम (अनुसुचि ३ मा राखिएको) अनुसार आवश्यक तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको थियो । साथै राजश्व संकलन सम्बन्धी अन्य द्धितिय स्रोतका तथ्यांक तथा जानाकारीहरु समेत संकलन गरिएको थियो । अध्ययनका क्रममा विशेष गरि गाउँपालिका क्षेत्रमा रहेको घर तथा जग्गाको विवरण, गा.पा.को स्वामित्वमा रहेको जग्गा जमिन वा भौतिक सम्पत्ती, गाउँपालिका क्षेत्रमा रहेका सवारी साधनको विवरण, गाउँपालिकाले निर्माण गरेको वा हस्तान्तरण भै आएको सडक र त्यसमा गुड्ने सवारी विवरण, वजार क्षेत्रमा रहेका व्यापार व्यवसायको विवरण, गाउँपालिकाले उपलब्ध गराउने विभिन्न सेवाहरुको विवरण संकलन गरिएको थियो । साथै राजस्व प्रशासन तथा सूचना प्रवाहसम्बन्धी विवरण, गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरणहरु, चालु वर्षको आर्थिक ऐन तथा बजेट, गाउँपालिकाको वस्तुगत विवरण, कर्मचारी विवरण तथा संगठन संरचना (Organogram), आन्तरिक आय संकलनको अवस्था, संभाब्य स्रोत र क्षेत्र तथा सभाबाट स्विकृत दर सम्बन्धी विस्तृत विवरण एवं आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना संकलन गरिएको थियो ।

विभिन्न स्रोतहरुबाट प्राप्त तथ्यांक तथा सुचनाहरुलाई कम्प्युटर प्रवृष्ट गरि आवश्यकता अनुसार विभिन्न बिधिहरुको प्रयोग गरी बिश्लेषण गरिएको छ । उपरोक्त विधिद्धारा विश्लेषण गरि प्राप्त जानकारीहरुलाई व्यवस्थित रुपमा आवश्यकता अनुसार तालिकाबद्ध तथा अन्य सरोकार पक्षहरुबाट प्राप्त सुझाव तथा सल्लाह समेत समावेश गरीएको छ । सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास, तथ्यांक बिश्लेषण तथा दस्ताबेज लेखन कार्यमा टोली प्रमुख श्री टिकाराम पन्थी र विषय विज्ञ श्री हर गोविन्द पाण्डे को प्रमुख संलग्नता रहेको छ ।

### १.५.५ राजश्व सुधार कार्ययोजना प्रस्तुतिकरण र सुझाव संकलन कार्यशाला गोष्ठी

खजुरा गाउँपालिका तथा प्रदेश प्रशिक्षण केन्द्रलाई यस गाउँपालिकाको राजश्व सुधार कार्ययोजना मस्यौदा प्रतिवेदन पेश गरिएको थियो । गाउँपालिकाको राजश्व परामर्श समिति र सरोकारवालको अध्ययन पश्चात गाउँपालिकासंगको समन्वयमा मिति २०७८ चैत्र ११ गते राजशब सुधार कार्ययोजना प्रस्तुतिकरण र सुझाव संकलन कार्यशाला गोष्ठी आयोजना गरिएको थियो ।



गा.पा.का अध्यक्ष श्री किस्मत कुमार कक्षपतिज्यूको अध्यक्षतामा भएको यस कार्यशालामा गा.पा उपाध्यक्ष एवं राजश्व परामर्श समितिका संयोजक श्री एकमाया विक, प्र.प्र.अ. श्री वम वहादुर के.सी., राजश्व परामर्श समितिका सदष्यहरु, कार्यपालिकाका सदष्यहरु, वडा अध्यक्षहरु, गा.पा.का शाखा तथा ईकाइ प्रमुख र वडा सचिवहरु गरेर जम्मा २६ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा परामर्श समितिको प्रस्तुतिकरण उपर सझाव संकलन गर्ने कार्य भयो र सहभागिहरुवाट ४ समुहमा आगमि ३ वर्षको लीगि राजश्व सुधार कार्ययोजना तयारी सम्वन्धी सहभागितात्मक अभ्यास र प्रस्तुतिकरण र छलफल गरियो र परामर्श संस्थाको तर्फवाट पृष्ठपोषण लिइयो । कार्यक्रमको अन्तिममा प्रमुख प्रशासकीय अधिकृतज्यूवाट कार्ययोजनाको कार्यान्वियन गर्ने, आवश्यकता अनुसार संशोधन गर्ने, राजश्व शाखालाई जिम्मेवार वनाउने र क्षमता विकास र राजश्व कार्ययोजनाले निर्देश गरेका कृयाकलापहरुमा वजेट विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । अन्तिममा उपाध्यक्ष एवं राजश्व परामर्श समितिका संयोजक श्री एकमाया विकज्यू बाट प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्ज र परामर्श दातृ संस्थालाई सहयोगको लागि धन्यवाद दिनुका साथै सवै सभागिहरुलाई पनि धन्यवाद दिदै कार्यक्रमको समापन गर्नुभएको थियो ।

### १.५.६ कार्ययोजनालाई अन्तिम रुप प्रदान

उल्लेखित मस्यौदा प्रतिवेदनमाथि विभिन्न सरकोवाला पक्षहरुबाट प्राप्त सल्लाह तथा सुझावहरु समावेश गरि राजस्व सुधार कार्ययोजनाको प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरि खजुरा गाउँपालिका तथा प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्ज समक्ष पेश गरिएको छ । पेश गरिएको यो अध्ययन प्रतिवेदनलाई अध्ययनको उद्धेश्य अनुरुप गाउँपालिकाको कार्यपालिका वैठकले पास गरि कार्यान्वयन प्रकृयामा लैजाने अपेक्षा गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरू

खजुरा गाउँपालिकाका राजस्व सुधार कार्ययोजना तयारीको क्रममा रहेका अध्ययनका सीमाहरू देहाय अनुसार छन् ।

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, आर्थिक ऐन, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त पालिकाका राजश्व परामर्श समितिका सदष्यहरु, जन प्रतिनिधिहरू, सम्वन्धीत शाखा तथा उपशाखाका कर्मचारीहरू तथा वडा सचिवहरु तथा अन्य सरोकारपक्षहरू जस्तो वजार प्रतिनिधीहरु, उद्योग वाणिज्य संघ, लक्षित समुहसंगको छलफलवाट प्राप्त सूचनाहरूलाई समावेश गरिएको छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनवाट संकलन गरिएको छ ।
- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, पालिकाको सेवामा हुने वृद्धि र नागरीक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद-२
# गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा खजुरा गाउँपालिकाको आय परिचालनसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्धित पक्षहरूलाई समावेश गरिएको छ । यसले गाउँपालिकाको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई चित्रण गर्दछ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचयः

### गठन र नामाकरण

खजुरा गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार लुम्विनी प्रदेश को बाँके जिल्लामा पर्दछ । तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहाय बमोजिम साविकका गा.वि.स. बागेश्वरी, सीतापुर, राधापुर, उढरापुर, सोनपुर, र रनियापुर समेटर ८ वटा वडाहरू कायम गरी यो गाउँपालिका निर्माण गरिएको हो ।

### भौगोलिक अवस्थिति

खजुरा गाउँपालिका भौगोलिक हिसाबले ८१०३०'५५" देखि ८४०१५'५१" पूर्व देशान्तरसम्म र २७०३९'२" देखि २७०४६'३६" उत्तरी अक्षांशसम्म फैलिएर मुख्य तराइको समथर फाँटमा अवस्थित छ । यो गाउँपालिकामा समुद्र सतहबाट १३० मि. देखि १६४ मि.को उचाईसम्मको मात्र विविधता रहेको छ । १०१.९१ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस खजुरा गाउँपालिकाको पूर्वमा कोहलपुर नगरपालिका र जानकी गाउँपालिका, पश्चिममा बर्दिया जिल्ला, उत्तरमा बैजनाथ गाउँपालिका र दक्षिणमा भारत पर्दछन् ।

### जनसंख्या

खजुरा गाउँपालिकाको घरधुरी तथ्याङ्क संकलन, २०७६ अनुसार खजुरा गाउँपालिकाको जनसंख्या ४८,६०४ रहेको छ जस मध्ये पुरुष ४६.४७ प्रतिशत (२२,५८५ जना) र महिला ५३.५३ प्रतिशत (२६,०१८ जना) रहेका छन् भने तेस्रो लिंगी १ जना रहेका छन् । सोही अनुसार लैंगिक अनुपात अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८७ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ४७७ जना प्रति वर्ग किलोमिटर रहेको छ। पछिल्लो तथ्याङ्क बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या मध्ये १.२८ प्रतिशत (६२३ जना) अपाङ्गता भएकाहरू रहेका छन्। कुल १०,६७१ घरपरिवार रहेको यस गाउँपालिकामा प्रति परिवार औषत ४.५५ जना सदस्य रहेको देखिन्छ। गाउँपलिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं २ रहेको छ जसमा जम्मा जनसंख्या ८,२७१ (पुरुष ३,५५० जना, महिला ४,७२१ जना रहेका छन् । यस वडाको औषत परिवार आकार ४.१६ र घरधुरी संख्या १,९८८ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. १ रहेको छ जसको जनसंख्या ३,५८० ( पुरुष १,६४४ जना र महिला १,९३६ जना) रहेका छन् भने घरधुरी संख्या ७६० र औसत परिवार संख्या ४.७१ रहेको छ ।

### भुउपयोग

खजुरा गाउँपालिकाको घरधुरी तथ्याङ्क संकलन, २०७६ अनुसार वर्तमान भू-उपयोगलाई हेर्दा ९४.१९ प्रतिशत अर्थात सबैभन्दा धेरै खेतीयोग्य जमिनले ओगटेको छ भने दोश्रोमा ३.२६ प्रतिशत हरित क्षेत्र र वन रहेको छ । यस गाउँपालिकामा आवास क्षेत्रले ओगटेको भू-भाग ०.०३ प्रतिशत रहेको छ । बालुवा र बगर क्षेत्र ०.४५ प्रतिशत साथै जलक्षेत्रले ओगटेको भू-भाग भन्ने निकै कम अर्थात २ प्रतिशत मात्र देखिन्छ ।




**प्राकृतिक श्रोत साधनहरु**

खजुरा गाउँपालिकामा रहेका नदीनालाहरु, ताल तलैया र सिमसार क्षेत्रहरु देहायअनुसार रहेका छन् ।

| बिबरण | | |
|---|---|---|
| किरण नाला, मान खोला, इमली नाला | वडा नं.१ | |
| गडघैया नाला | वडा नं. २ | |
| पेडरी, किरण, मुसकोटवा | वडा नं. ३ | |
| पेडारी नाला, किरणी नाला, बाबा कुटी तलाउ (आदर्श टोल) | वडा नं. ४ | |
| बसन्तपुर पोखरी (वसन्तपुर), दलहीपुर पोखरी(दलहीपुरगाउँ), रजनवा पोखरी (रजनवा), मरदानपुरुवा पोखरी ( मरदानपुरुवा), वस्यनपुर पोखरी (वस्यनपुर), नायरायणपुर तलाउ ( हुलाकी टोल), भदै ताल(वस्यनपुर) गडघैया नाला, झरनिया, खटकन | वडा नं. ५ | |
| जेठी नाला, मान खोला, झटनिया नाला, पजवा ताल (उदरापुर) | वडा नं.६ | पजवा ताल (माछापालन गरिने) |
| गडहौरा पोखरी(गोदाहाना), बीचगाउँ पोखरी (सुनवर्षा), उत्तरगाउँ पोखरी (सुनवर्षा), जेठी, मानखोला, गोगवा | वडा नं.७ | |
| घिया ताल, टेढी ताल, पोतानि (रनैयापुर), ठाकुर गैरी (रनैयापुर), जगननथी (रनैयापुर), कल्लन गैरी (रनैयापुर), लोदार गैरी (रनैयापुर), चमारन टोल ख, चल्ली ताल (चलेनी, पेडारी नाला, गरजोरी नाला, दाहवा कुलो, धाहवा | वडा नं. ८ | |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७६*

**सामाजिक तथा सांस्कृतिक अवस्था**

खजुरा गाउँपालिकाको घरधुरी तथ्याङ्क संकलन, २०७६ अनुसार यस गाउँपालिकामा अपनाइने प्रमुख संस्कार कुल पुजा, गोठ पुजा, ब्रतवन्ध, विवाह, काजकृया, वार्षिक काम, न्वारन, तिथी सराद्ध, सोह्रस्राद्ध औशि, पूर्णिमा, सक्रान्ति, मसान्त, सत्यनारायणको पुजा, एकाह, होमहोमदी, यज्ञ, सप्ताह, रुद्रीपाठ, मलमास, सूर्य ग्रहण, चन्द्र ग्रहण, आदि रहेका छन् ।

परम्परागत संस्कृतिमा आधारित असारे गीत, तीज गीत, झ्याउरे भाका र दोहोरी गीत आदि यस गाउँपालिकामा सर्वाधिक लोकप्रिय छन् । बैशाखी पूर्णिमा, इद, बक्रइद, मोहरम, ल्होसार, उधौली, उभौली, बुद्ध पूर्णिमा, असार १५ मा दही चिउरा,साउने संक्रान्ति, नागपञ्चमी, ऋषितर्पणी पूर्णिमा, बडा दशैं, तिहार, देउसी, माघे संक्रान्ति, फागु पूर्णिमा ( होली), रामनवमी, ठूलो एकादशी, नेवार समुदायको सठी, म्ह पुजा आदी विशेष महत्वकासाथ यहाँका जनताले मनाउने मुख्य पर्वहरू हुन् । यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । सबै

जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । यहाँको परम्परागत भेषभूषालाई हेर्दा महिलाले फरिया, चोलो तथा पुरुषले धोतीकछाड, कमिज सुरुवाल लगाउँछन् । क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमिज-सुरुवाल, धोति-सुरुवाल लगाउँछन् । तर आधुनिक समयमा सबै जातजातिका युवा, युवतीहरू क्रमशः पैन्ट, शर्ट, टिसर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् । गाउँपालिकामा रहेका नेवार, दनुवार, बोटे, कुमाल, माझी, गुरुङ्ग आदीको रहनसहन र संस्कृति गहनाको रुपमा रहेको छ ।

## २.२ गाउँपालिकाको आर्थिक अवस्था

### आम्दानीका श्रोतहरूको आधारमा परिवारको विवरण

खजुरा गाउँपालिकाको घरधुरी तथ्याङ्क संकलन, २०७६ अनुसार कूल १०,६७१ घरपरिवारहरूमध्ये ६,११४ घरपरिवारहरूको आम्दानीको श्रोत कृषि/पशुपालन/माछापालन/मौरीपालन रहेको छ भने दोस्रोमा वैदेशिक विप्रेशणबाट आम्दानी गर्ने ३,३०८, दैनिक ज्यालादारीबाट २,२४३, नोकरीबाट १,९४४ घरपरिवारहरू रहेका छन् । त्यसैगरी १,१७२ घरपरिवारको आम्दानीको श्रोत भने व्यापार व्यवसाय र ६३६ घरपरिवारको पेन्सन रहेको छ। अन्य आम्दानीका श्रोतहरू भने न्यून घरपरिवारहरूमा रहेको पाइन्छ । यो तथ्याङ्कले समेत ठूलो नाफा हुने र उत्पादनमूखी व्यवसायमा मानिसको संलग्नता अत्यन्त न्यून र परम्परागत कृषि र सामान्य व्यापार व्यवसायमा अधिक संलग्नता रहेको देखिन्छ । राम्रो लगानि गरी उच्च प्रतिफल प्राप्त गर्न सक्ने क्षेत्रहरूको पहिचान गरी व्यवसायीकतातर्फ यूवा उद्यमीहरूलाई तालिम तथा अभिमुखिकरण गरी आकर्षित गर्नुपर्ने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
| कृषि/ पशुपालन/ माछापालन/ मौरीपालन | ५१३ | १४३५ | ६४९ | १११८ | ४५७ | ५८३ | १००९ | ३५० | ६११४ |
| उद्योग धन्दा सञ्चालन | ३ | ६ | ५ | ५ | ० | ४ | ५ | १३ | ४१ |
| व्यापार व्यवसाय | १११ | २०५ | २६७ | १८५ | ८८ | १४० | १०३ | ७३ | ११७२ |
| नोकरी | १७४ | ४०२ | ५४३ | ३४३ | ७४ | ११८ | ८७ | २०३ | १९४४ |
| पेन्सन | १६६ | १०१ | १८१ | १३४ | ११ | ११ | ५ | २७ | ६३६ |
| घर तथा जग्गाको भाडा | २ | १९ | ४८ | ७ | ४ | १ | २ | ० | ८३ |
| सवारी साधन, मेसिन तथा उपकरणहरूको भाडा | ४ | ३७ | २९ | २८ | १० | २४ | ३० | ४ | १६६ |
| ब्याज तथा लाभांश | ० | २ | ० | ० | ० | ३ | २ | ० | ७ |
| विप्रेषण (वैदेशिक) | २८१ | ८२१ | २९५ | ७३८ | २७८ | २४३ | २८८ | ३६४ | ३३०८ |
| विप्रेषण (आन्तरिक) | १० | २१ | १७ | ४६ | ७ | २९ | १९४ | १०९ | ४३३ |
| दैनिक ज्यालादारी | २८ | १६६ | १८८ | २३० | ४५९ | ५१० | २५० | ४१२ | २२४३ |
| अन्य | १५ | २१ | ४९ | २१ | ३ | २७ | १७३ | २ | ३११ |
| जम्मा | १३०७ | ३२३६ | २२७१ | २८५५ | १३९१ | १६९३ | २१४८ | १५५७ | १६४५८ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

### कृषि

यस गाउँपालिकामा आफ्नै स्वामित्वमा कृषियोग्य जमिन भएका कुल घरपरिवार ६,९६२ मध्ये ६१२२ घरपरिवारहरूको जमिन खेतीपातीको लागि प्रयोग भएको छ। जुन हेक्टरमा १५,६२६.४० हेक्टर हुन आउँछ। वडाअनुसार विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

| वडा | जमिन भएको वा भोगचलन गर्ने परिवार | जमिन भोगचलन गर्ने परिवार | जम्मा जग्गाको क्षेत्रफल (हे) | |
|---|---|---|---|---|
| | संख्या | संख्या | जम्मा क्षेत्रफल | प्रतिपिरवार औषत जमिन |
| १ | १४६ | १०१ | ४९६.३८ | ३.४० |
| २ | १६७९ | १५५४ | १०४९.९१ | .६३ |
| ३ | ८३७ | ६८४ | १७३१.०२ | २.०७ |
| ४ | १४५७ | १३३६ | २७६६.९६ | १.९० |
| ५ | ८५५ | ७८५ | ७७८.७४ | .९१ |
| ६ | १८३ | १४७ | १०११.४५ | ५.५३ |
| ७ | ११३३ | १०२९ | ४०६२.२३ | ३.५९ |
| ८ | ६७२ | ४८६ | ३७२९.७१ | ५.५५ |
| जम्मा | ६९६२ | ६१२२ | १५६२६.४० | २.२४ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

**खेतीपातीमा उपयोग भएको जग्गा जमिनको आकारको आधारमा घरपरिवार**

यस गाउँपालिकामा रहेको कृषियोग्य जमिनको घरपरिवार अनुसार आधा हेक्टरभन्दा कम जमिनमा खेती गरी निर्वाह गर्ने घरपरिवारको संख्या २,९४८ अर्थात् ४२.३४ प्रतिशत, आधा हेक्टर देखि १ हेक्टर जमिनमा खेती गर्ने घरपरिवारको संख्या १,५६१ अर्थात् २२.४२ प्रतिशत, १ हेक्टर देखि २ हेक्टर जमिनमा खेतीगर्नेको घरपरिवार संख्या ८४४ अर्थात् १२.१२ प्रतिशत, २ हेक्टर देखि ५ हेक्टर खेतीगर्ने घरपरिवारको संख्या ७१४ अर्थात १०.२६ प्रतिशत, ५ देखि १० हेक्टर जमिनमा खेती गर्नेको घरपरिवारको संख्या ४८३ अर्थात ६.९४ प्रतिशत र १० हेक्टर भन्दा माथि जमिनमा खेती गर्ने घर परिवारको संख्या ४१२ अर्थात ५.९२ प्रतिशत रहेको छ ।

| वडा नं. | ०.०१-०.५ हे. | ०.५-१ हे. | १ - २ हे. | २ - ५ हे. | ५ - १० हे. | १० हे. भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २८ | ३१ | १३ | ५७ | ५ | १२ | १४६ |
| २ | ९३७ | ४८४ | २०६ | ३३ | १३ | ६ | १६७९ |
| ३ | २७६ | २२८ | १७० | ६८ | ६४ | ३१ | ८३७ |
| ४ | ७३७ | ३२७ | १०९ | १३० | ९१ | ६३ | १४५७ |
| ५ | ३९१ | २६३ | ११९ | ६३ | १३ | ६ | ८५५ |
| ६ | २८ | ११ | १४ | ६१ | ४७ | २२ | १८३ |
| ७ | ३७४ | १२४ | १५९ | २४७ | १२५ | १०४ | ११३३ |
| ८ | १७७ | ९३ | ५४ | ५५ | १२५ | १६८ | ६७२ |
| जम्मा | २९४८ | १५६१ | ८४४ | ७१४ | ४८३ | ४१२ | ६९६२ |
| प्रतिशत | ४२।३४ | २२।४२ | १२।१२ | १०।२६ | ६।९४ | ५।९२ | १००।०० |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

**दर्ता भएका व्यवसायिक फर्महरू :**

खजुरा गाउँपालिकाको वडा नं ६ मा औद्योगिक ग्रामको घोषण भई यसको पुर्वाधार विकास र तारवार गर्ने कार्य आरम्भ गरिएको छ । उद्योगधन्दा सञ्चालन गर्ने घर परिवार संख्या ४१ रहेको छ भने व्यापार व्यवसाय गर्ने घर परिवार ११७२ रहेको छ । गा. पा. संगको छलफलको आधारमा २० प्रतिशत मात्र उद्योगी तथा व्यवसायीहरु गा.पा.मा दर्ता भई सञ्चालनमा आएका छन् ।

**बजार र मुख्य व्यापारीक केन्द्रहरु :**

खजुरा गा.पा.मा रहेका ठुला र साना वजार केन्द्रको विवरण देहाय अनुसार रहेको छन् ।

| वडा | वजार केन्द्र |
|---|---|
| १ | चन्द्रपुर, विरपुर, वहादुरपुर, र जलपोखरी |
| २ | रिमझिमचोक, वावस्थान, हाईस्कूल डांडा, वडा अफिस चोक र किरण पुलचोक |
| ३ | खजुरा |
| ५ | उदरपुर, वसन्तपुर, मादिचोक र धनौरसी |
| ६ | महनी चोक, वथवा, वोध्हना, हनुमान चोक |
| ७ | खान चोक, धहवा चोक, पुरवा र लिहार टोल |

**बैंक तथा वित्तीय संस्था :**

यस गाउँपालिका क्षेत्रमा ४ वटा वाणिज्य र ५ वटा विकास बैंक गरी ९ वटा बैंक तथा ५ वटा लघुवित्त संस्थाका शाखाहरू सञ्चालनमा रहेका छन्। यस क्षेत्रमा कुल ३१ वटा सहकारी संस्था र ५ कृषि सहकारी सञ्चालनमा रहेका छन् ।

**पर्यटकीय र प्रसिद्ध स्थलहरु**

| | | |
|---|---|---|
| रजनवा पोखरी | वडा नं. ५ | |
| गिजडा सामुदायिक वन | वडा नं. ६ | पिक्निक स्थल रहेको |
| सिमलघारी | वडा नं. ७ | वादी हेर्न आउने /धेरै मन्दिर रहेको |
| घिया ताल | घिया गाउँ वडा नं ७ | १६ विघा एलानी जग्गा रहेको |
| टेडी ताल | ग्याहावा | १४ विघा एलानी जग्गा रहेको |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

## २.३ आवास तथा वस्ति विकास

### घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा परिवार

गाउँपालिकामा लालपुर्जा भएको आफ्नै जमिनमा घर निर्माण गरेका १०,६७१ घरपरिवारहरूमध्ये जम्मा २,२३९ अर्थात २०.९८ प्रतिशत घरहरूको मात्र घर निर्माण सम्पन्न प्रमाणपत्र रहेको छ भने ७,८२६ अर्थात ७३.३४ प्रतिशत घरपरिवारको घर निर्माण सम्पन्न प्रमाणपत्र छैन । त्यसैगरी ६०४ अर्थात ५.६६ प्रतिशत घरपरिवारमा घर निर्माण सम्पन्न प्रमाणपत्र थाहा नभएको देखिन्छ र २ अर्थात ०.०२ प्रतिशत घरपरिवार उल्लेख नगरिएको भेटियो । यस अवस्थालाई हेर्दा गाउँपालिकाका ७० प्रतिशत भन्दा बढी घरपरिवारहरू भवन निर्माणका सुरक्षित विधिहरू नअपनाइ बनाइएका हुन सक्छन ।

| वडा | घर निर्माण सम्पन्न प्रमाणपत्र | | | | जम्मा |
|---|---|---|---|---|---|
| | छ | छैन | थाहा छैन | उल्लेख नभएको | |
| १ | ३६३ | ३८२ | १५ | ० | ७६० |
| २ | ४०० | १२६५ | ३२३ | ० | १९८८ |
| ३ | ४२३ | ९८९ | २४ | १ | १४३७ |
| ४ | ३१ | १५३९ | ४७ | ० | १६१७ |
| ५ | १३ | ९६३ | ११ | १ | ९८८ |
| ६ | ३ | ११३८ | ३० | ० | ११७१ |
| ७ | ६८० | ५८० | १४ | ० | १२७४ |

| वडा | घर निर्माण सम्पन्न प्रमाणपत्र | | | | जम्मा |
|---|---|---|---|---|---|
| | छ | छैन | थाहा छैन | उल्लेख नभएको | |
| ८ | ३२६ | ९७० | १४० | ० | १४३६ |
| जम्मा | २२३९ | ७८२६ | ६०४ | २ | १०६७१ |
| प्रतिशत | २०.९८ | ७३.३४ | ५.६६ | ०.०२ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

**बसोबासको प्रकृति :**

**कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारहरू**

गाउँपालिकामा आफ्नै घर भएका १०,३४३ अर्थात ९६.९३ प्रतिशत घरपरिवारहरूले कोठा भाडामा लगाएका छैनन् भने मात्र ७७ अर्थात ०.७२ प्रतिशत घरपरिवारहरूले कोठा भाडामा लगाएको पाइन्छ जुन अत्यन्त नगण्य संख्या हो । त्यसैगरी २५१ घरपरिवार अर्थात २.३५ प्रतिशत घरपरिवारको विवरण उल्लेख नगरिएको देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ । व्यापक रुपमा आर्थिक, शैक्षिक र अन्य कृयाकलापहरू हुने शहरी क्षेत्रहरूको विकास नभएकोले अत्यन्त सिमित संख्यामा मात्र कोठाहरू भाडामा लगाएको देखिन्छ ।

| वडा | कोठा वा फ्ल्याट भाडामा दिएको | | | जम्मा |
|---|---|---|---|---|
| | भाडामा दिएको | भाडामा नदिएको | उल्लेख नभएको | |
| १ | १ | ७५२ | ७ | ७६० |
| २ | ८ | १९३५ | ४५ | १९८८ |
| ३ | ४९ | १३११ | ७७ | १४३७ |
| ४ | १३ | १५३७ | ६७ | १६१७ |
| ५ | ४ | ९६६ | १८ | ९८८ |
| ६ | ० | ११६१ | १० | ११७१ |
| ७ | २ | १२५७ | १५ | १२७४ |
| ८ | ० | १४२४ | १२ | १४३६ |
| जम्मा | ७७ | १०३४३ | २५१ | १०६७१ |
| प्रतिशत | ०।७२ | ९६।९३ | २।३५ | १००।०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

**परिवार बसोबास गर्ने घरको तल्लाको आधारमा परिवार**

यस गाउँपालिकाका कूल १०,६७१ घरपरिवारमध्ये १०,२५७ अर्थात ९६.१२ प्रतिशत घरपरिवार बसोवास गर्ने घरहरू १ तल्ले, ३६८ अर्थात ३.४५ प्रतिशत दुई तल्ले, २३ घरपरिवारले ३ तल्ले, २२ घरपरिवार ४ वा ४ तल्लाभन्दा बढीको घरमा बसेका छन् । कूल घर परिवारहरूको ९६.१२ घरहरू एक तल्ले र अन्य घरहरू कच्ची साथै दुई तल्ला भन्दा बढी तल्ला भएका घरहरू कम भएकोले अधिकांश घरहरू व्यक्तिगत निर्वाहको लागि निर्माण भएका र शहरी क्षेत्रको विकास र विस्तार भई धेरै तल्लाहरू भएका घरहरूको संख्या बढी हुने अवस्था विद्यमान छ ।

**परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरपरिवार**

यस गाउँपालिकामा रहेका कूल १०,६७१ घरपरिवारहरूमध्ये अधिकांश ९७.६७ प्रतिशत अर्थात १०,४२२ परिवारको आफ्नै स्वामित्वमा रहेको घर, १.१७ प्रतिशत अर्थात १२५ घरपरिवार भाडामा बस्ने गरेको, ०.१८ प्रतिशत अर्थात १९ घरहरू संस्थागत हिसाबले प्रयोग गरेको र अन्यमा ०.९८ प्रतिशत अर्थात १०५ घरपरिवारहरू रहेको पाइयो ।

**भवन मापदण्ड पालना :**

गाउँपालिकाले गरेको घरपरिवार सर्भेक्षण २०७६ अनुसार पालिकामा रहेका जम्मा १०६७१ घरधुरी मध्ये २२३९ घरधनिहरुले मात्र घर सम्पन्नताको प्रमाणपत्र लिएको देखिन्छ। गाउँपालिकाले पुरानो घरहरुको अभिलेखिकरण सम्वन्धी कार्यक्रमहरु संचालन गरेतापनि खासै प्रगति नभएको र अत्यधिक घरहरु अझै पनि अभिलेखिकरण गर्न वाँकी रहेको छ।

## २.४ भौतिक पुर्वाधार

### सडक, वाटो पुल :

यस गाउँपालिकामा सडक पुलको संख्या १९ रहेको छ । यसैगरी सलाव कल्भर्टको संख्या ११४ रहेको छ भने पाईप कल्भर्टको संख्या १०६ रहेको छ। यस गा.पा. अन्तर्गत कालोपत्रे सडक २९.६ कि.मि रहेको छ भने ग्राभल सडकको लम्वाई १८६.३५ कि.मि रहेको र कच्चि सडक ५६.२८ कि.मि रहेको छ। यस गा.पा.को यातायत गुरुयोजना अनुसार एक क्लासको सडकको लम्वाई ५८.२९ कि.मि, वि क्लासको ४८.६३ कि.मि, सि क्लासको ९५.६९, डि क्लासको ६१.८६ कि.मि, र फिडर सडकको लम्वाई ८.८८ कि.मि गरेर जम्मा लम्वाई २७३.२६ कि.मि रहेको छ।

**उर्जा**

गाउँपालिकाको कूल घरपरिवारहरूमध्ये ४,९५३ अर्थात ४६.४२ प्रतिशतले काठ दाउरा, ४,२७८ अर्थात ४०.०९ प्रतिशतले एलपी ग्याँसको प्रयोग गर्दछन् भने विजुली, गोवरग्याँस र अरु प्रयोग गर्ने जनसंख्या नगन्य रहेको पाइयो

**खानेपानी :**

यस गाउँपालिकामा रहेका १०,६७१ घरपरिवारहरू मध्ये ट्युबवेल/हातेपम्प मार्फत आपूर्ति गरिएको पानी पिउनेको संख्या ७,५०८ अर्थात ७०.३६ प्रतिशत भएकाले सामान्यतया धेरैजसो घरपरिवारले ट्युबवेल/हातेपम्पको पानी पिउने गर्दछन् भन्न सकिन्छ। यद्यपि दोस्रोमा धारा/पाइपको पानी पिउने परिवारको संख्या ३,१४० अर्थात २९.४३ प्रतिशत रहेका, तेस्रोमा अन्य श्रोतबाट पानी पिउने परिवारको संख्या १४ अर्थात् ०.१३ प्रतिशत रहेको छ र जारको पानी पिउने परिवारको संख्या ६ रहेको छ। अन्य श्रोत प्रयोग गर्नेको संख्या १४ रहेको छ

**सिंचाई :**

गाउँपालिकामा कृषि प्रयोजनको जमिन भएका वा कृषि प्रयोजनको जमिन भोगचलन गर्ने परिवारको संख्या ६,९६२ रहेको छ। त्यसैगरी कूल ७,०३१.२७ हेक्टर सिंचित जमिन उपयोग गर्ने परिवार संख्या ६,८६८ रहेको छ जसमा प्रतिपरिवार औषत १.०१ हे. जमिन हुन आउछ। त्यस्तै कूल ८,५९५.१२ हेक्टर असिंचित जमिन उपभोग गर्ने परिवार ६,९६२ रहेको छ जसमा प्रतिपरिवार औषत १.२३ हे. जमिन हुन आउछ।

कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सिंचाइ सुविधा सम्बन्धि विवरण

| वडा | सिंचित जग्गाको क्षेत्रफल (हे.) | | | असिंचित जग्गाको क्षेत्रफल (हे.) | | |
|---|---|---|---|---|---|---|
| | संख्या | जम्मा क्षेत्रफल | प्रतिपरिवार औषत जमिन | संख्या | जम्मा क्षेत्रफल | प्रतिपरिवार औषत जमिन |
| १ | १४६ | २९४.२५ | २.०२ | १४६ | २०२.१३ | १.३८ |
| २ | १६७९ | ९१९.५१ | ०.५५ | १६७९ | १३०.४० | ०.०८ |
| ३ | ८३७ | ७०२.९२ | ०.८४ | ८३७ | १०२८.०९ | १.२३ |
| ४ | १४५७ | ३८३.६५ | ०.२६ | १४५७ | २३८३.३१ | १.६४ |
| ५ | ८५५ | ५८१.१७ | ०.६८ | ८५५ | १९७.५७ | ०.२३ |
| ६ | १८३ | ७४७.२८ | ४.०८ | १८३ | २६४.१७ | १.४४ |
| ७ | ११३३ | १३१२.६३ | १.१६ | ११३३ | २७४९.६१ | २.४३ |
| ८ | ६७२ | २०८९.८६ | ३.११ | ६७२ | १६३९.८५ | २.४४ |
| **जम्मा** | ६९६२ | ७०३१.२७ | १.०१ | ६९६२ | ८५९५.१२ | १.२३ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

यी क्षेत्रमा कुल ३४ वटा कुलो तथा नहरबाट कुल २२८८ हेक्टर जमिनमा सिंचाई सुविधा उपलब्ध रहेको छ । जसमध्ये बाह्रै महिना सञ्चालन हुने सिंचाइ पूर्वाधार १९ वटा रहेका छन् । सिंचाई सुविधाबाट लाभान्वित कुल घरपरिवार संख्या ६३३६ रहेको छ । सिंचाई पूर्वाधारमध्ये वडा नं. २ मा सबैभन्दा अधिक १२ वटा र सबैभन्दा न्यून वडा नं. ३, ७ र ८ मा २-२ वटा मात्र रहेको देखिन्छ । किरण नाला लिफ्ट सिचाई र धौलागिरी लिफ्ट कुलो यस गा.पा.को ठूला सिंचाई आयोजनाहरु हुन् ।

**सार्वजनिक भवन तथा पूर्वाधार :**

**फोहरमैला व्यवस्थापन :**

गाउँपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये ४,४७९ अर्थात् ४१.९७ प्रतिशत फोहर कम्पोष्ट मल बनाउने, २,९०३ अर्थात् २७.२० प्रतिशतले फोहरलाई आफ्नै कम्पाउण्ड भित्र बाल्ने गरेको, १,८५३ अर्थात १७.३६ प्रतिशतले आफ्नै कम्पाउण्ड भित्र गाड्ने वा थुपार्ने, ५६९ अर्थात ५.३३ प्रतिशतले फोहर थुपार्ने ठाउँमा वा क्यानमा राख्ने गरेको पाइयो ।

**गा. पा.को कार्यालय भवन तथा सवारी साधनहरु :**

| चल सम्पतिको नाम | संख्या |
|---|---|
| गाउँपालिकाको प्रशासनिक भवन र जग्गा | वडा नं ३ वागमती नगरमा वन्दै गरेको अवस्था छ । हाल निर्माणाधिन स्थलको एक भवनमा प्रशासकिय भवन स्थानन्तरण भएको अवस्था छ । |
| गाउँपालिकाको सभा हल | छ । |
| वडा कार्यालयका प्रशासनिक भवन र जग्ग | सवै वडामा भएको । वडा नं ४ को निर्माणको अन्तिम अवस्थामा छ । वडा नं ४ को साविक गा.पा.को प्रशासकिय भवन भएको ठाउँवाट सञ्चालन गर्ने योजना रहेको |
| गा.पा.को गाडी | २ |
| मोटरसाईकल /स्कुटर | १९ |

श्रोत : खजुरा गा.पा.को कार्यालय, २०७८

## २.५ मानवीय संसाधन :

नेपालको संविधानको धारा २२१ बमोजिम यस गाउँपालिकामा ४८ सदस्यीय गाउँसभा गठन भएको छ । गाउँपालिका सञ्चालनका लागि अध्यक्ष, उपाध्यक्ष तथा अन्य सदस्यहरु सहित १६ जना सदस्य रहेको कार्यपालिका रहेको छ । यस पालिकाले पारित गरेको संगठन विकास सर्वेक्षण अध्ययन अनुसार देहावमोजिमको सांगठनिक संरचना, दरवन्दी र पदपुर्ति विवरण रहेको छ ।

**कर्मचारी दरवन्दी विवरण**

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | राजपत्राङ्कीत तृतृय श्रेणी | प्रशासन | सा.प्र. | भएको | |
| २ | लेखा अधिकृत | अधिकृत सातौं | प्रशासन | सा.प्र. | भएको | |
| ३ | शिक्षा अधिकृत | अधिकृत सातौं | शिक्षा | शि.प्र. | भएको | |
| ४ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | भएको | |
| ५ | अधिकृत | ६ औं | इन्जिनियर | सिभिल | भएको | |
| ६ | सूचना प्रविधि अधिकृत | ६ औं | इन्जिनियर | सू. प्रविधि | भएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | अधिकृत | ६ औं | कृषि | कृषि प्रसार | भएको | |
| ८ | अधिकृत | ६ औं | स्वास्थ्य | हे.ई. | भएको | |
| ९ | अधिकृत | ६ औं | पशु सेवा | लापोडेडे | भएको | |
| १० | अधिकृत | ६ औं | रोजगार संयोजक | | भएको | |
| ११ | आन्तरिक लेखा परिक्षक | ५ औं | प्रशासन | सा.प्र. | भएको | |
| १२ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | भएको | |
| १३ | कम्प्युटर अपरेटर | ५ औं | विविध | | भएको | |
| १४ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | भएको | |
| १५ | सहायक | ५ औं | कृषि | | भएको | |
| १६ | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | भएको | |
| १७ | हे.अ. | ५ औं | स्वास्थ्य | हे.ई. | भएको | |
| १८ | सब-इन्जिनियर | ५ औं | इन्जिनियर | सिभिल | भएको | |
| १९ | अ.सब.इन्जिनियर | चौथो | इन्जिनियर | सिभिल | भएको | |
| २० | स.महिला वि। निरिक्षक | चौथो | विविध | | भएको | |
| २१ | आ.पा.स.टे. | चौथो | इन्जिनियर | सिभिल | भएको | |
| २२ | हेल्थ असिस्टेन्ट | पाँचौ | स्वास्थ्य | हे.ई. | भएको | |
| २३ | अनमि | पाँचौ | स्वास्थ्य | | भएको | |
| २४ | अमिन | चौथो | | | भएको | |
| २५ | सहायक | चौथो | कृषि | | भएको | |
| २६ | सहायक | चौथो | श्रेणी विहिन | | भएको | |
| २७ | हलुका सवारी चालक | | श्रेणी विहिन | | भएको | |
| २८ | कार्यालय सहयोगी | | श्रेणी विहिन | | भएको | |
| ३० | सहायक | पाँचौ | प्रशासन | सा.प्र. | भएको | |
| ३१ | सब-इन्जिनियर | पाँचौ | इन्जिनियर | सिभिल | भएको | |
| ३२ | सहायक | चौथो | प्रशासन | सा.प्र. | भएको | |
| ३३ | अ.सब.इन्जिनियर | चौथो | इन्जिनियर | सिभिल | भएको | |
| ३४ | कार्यालय सहयोगी | | | श्रेणी विहिन | भएको | |
| ३५ | मेडिकल अधिकृतत्र | ८ औं | स्वास्थ्य | | भएको | |
| ३६ | सि अ.हे.व. | ६ औं | स्वास्थ्य | हे.ई. | भएको | |
| ३७ | अ.न.मी. | ४/५ | स्वास्थ्य | | भएको | |
| ३८ | ल्या असिष्टेन्ट | चौथो | स्वास्थ्य | | भएको | |
| ३९ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | भएको | |
| ४० | सि अ.हे.व. | ६ औं | स्वास्थ्य | हे.ई. | भएको | |
| ४१ | सि अ.हे.व. | ५ औं | स्वास्थ्य | हे.ई. | भएको | |
| ४२ | अ.न.मी. | चौथो | स्वास्थ्य | | भएको | |
| ४३ | ल्या असिष्टेन्ट | चौथो | स्वास्थ्य | | भएको | |
| ४४ | अ.हे.व. | चौथो | स्वास्थ्य | हे.ई. | भएको | |
| ४५ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | |
| ४६ | सहायक( हे.अ. /सि.हे.अ.व.) | पाँचौ | स्वास्थ्य | हे.ई. | भएको | |
| ४७ | सहायक( अ.हे.व.) | चौथो | स्वास्थ्य | | भएको | |
| ४८ | सहायक(अ.न.मी.) | चौथो | स्वास्थ्य | हे.ई. | भएको | |
| ४९ | कार्यालय सहयोगी | श्रेणीबिहिन | | | भएको | |

## २.६ स्थानीय तह संस्थगत स्वमुल्याङ्न (२०७८/७९ )

खजुरा गाउँपालिकाले आ.व. २०७८/७९ को स्थानीय तह संस्थगत स्वमुल्याङ्नको हालै प्रविस्ट गरिएको नतिजाको प्राप्तांक ४३ (औषत प्रतिशतमा) रहेको छ । यसमध्ये शासकीय प्रवन्धको स्कोर प्रतिशत ७२.२२ र क्रमश : संगठन तथा प्रशासनको ४६.८८, वार्षिक वजेट तथा योजना व्यवस्थापनको ४०.९१, वित्तिय एवं आर्थिक व्यवस्थापनको ५२.२७ , सेवा प्रवाह को ३७.५ प्रतिशत, न्यायिक कार्यसम्पादनको १००, भौतिक पुर्वाधारको १९.२३, सामाजिका समावेशिकरणको ५५, वातावरण तथा विपद व्यवस्थापनको ११.११ र सहकार्य तथा समन्वयको ८.३३ स्कोर प्रतिशत रहेको छ । वित्तिय एवं आर्थिक व्यवस्थापन अन्तर्गतका विषयवस्तुहरुको अवस्था विश्लेषण गर्दा वित्तिय अनुशासन, राजश्व संकलन शिर्षकको अंकभार अत्यन्त न्युन देखिएवाट राजश्व सुधार तथा राजश्व प्रशासनमा सुधार गर्नु पर्ने आवश्यकता देखिएको छ ।

## २.७ राजश्व परिचालनका लागि प्रशासनिक व्यवस्था

राजश्व संकलन गर्ने कार्य वडाहरुमा वडा सचिवको मुख्य जिम्मेवारीमा हुने गरेको छ । वडाहरुवाट संकलित रकम मासिक रुपमखा वैंकमा दाखिला हुने गरेको छ र यसको भौचर सहितको विवरण गा.पा.को राजश्व शाखामा अभिलेखिकरण गर्ने गरिएको छ । राजश्व शाखामा सफ्टवेरको प्रयोग भएको र सवै वडाकार्यालयहरुमा अनलाईन प्रणलीवाट काम हुने गरेको छ । राजश्वको मुख्य जिम्मेवारीमा हाल आ.ले.प शाखाको १ जना कर्मचारीलाई प्रदान गरिएको छ साथै सुचना प्राविधि अधिकृतवाट आवष्यक सहयोग लिने गरिएको छ । राजश्व सम्वन्धी क्षमता विकास सम्वन्धमा गा.पा का कर संकलकहरु, वडा सचिव र राजश्व हेर्ने कर्मचारीहरुलाई राजश्व सम्वन्धी तालिम प्रदान गरिएको छ ।

ग.पा.को भवन निर्माणाधीन अवस्थामा रहेको र आगमि दिनमा उक्त भवनमा रहने राजश्व शाखामा आवश्यक भौतिक पुर्वाधारहरु र सेवाग्राहीको लागि प्रतिक्षालय, सुचना पाटी, पिउने पानी लगायतका सुविधाहरुको व्यवस्थापन हुन आवश्यक छ । यसैगरी वडा कार्यालयहरुमा पनि यि सुविधाहरुको प्रभावकारी व्यवस्थापन हुन आवश्यक देखिन्छ ।

हाल लेखा अधिकृतवाट राजश्वको पनि मुख्य जिम्मेवारी भएको सन्दर्भमा राजश्व शाखा/उप शाखाको लागि संगठन विकास अध्ययनले निर्देश गरे अनुसारको कर्मचारीको भुमिका प्रदान गर्नुपर्ने आवश्यकता छ । यस गा.पा.को राजश्वको संभावनालाई विश्लेषण गर्दा मनोरन्जन कर जस्तो स्थानीय केवल व्यवसायवाट उठाउन सकिने सम्भावना रहेको छ । यसैगरी स्थानीय रुपमा सञ्चालन भएका व्यापार व्यवसाय मध्ये २० प्रतिशत मात्र गा.पा.मा दर्ता भएर सञ्चालनमा आएको हुनाले यस क्षेत्रलाई करको दायरामा ल्याउन सकेमा आन्तरीक आय वृद्धि हुने संभावना रहेको छ । विज्ञापन कर र कवाडी कर वाट राजश्व असुल हुने संभावना छ । ईट्टा भट्टा हरुवाट पनि राजश्व वृद्धि हुने सम्भावना रहेको छ । गिजरा सामुदायिक वन लगायत विभिन्न ठाउँहरुमा रहेका सार्वजनिक स्थलहरुको विकास र निजि क्षेत्र संगको साझेदारीमा राजश्व असुल गर्ने संभावना देखिन्छ ।

## २.८ राजश्व र वित्तीय व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

खजुरा गाउँपालिकाको आर्थिक बर्ष २०७८/२०७९ को बार्षिक नीति तथा कार्यक्रमले गा.पा.को राजश्व र वित्तीय व्यवस्थापन सम्बन्धी लिएको नीति तथा कार्यक्रम यस प्रकार रहेको छ ।

क) राजस्व क्षेत्रको सुधारका लागि राजस्व परामर्श समितिसंगको परामर्शमा करका दरहरुलाई बैज्ञानिक र बास्तविक बनाइनेछ ।

ख) कर तथा राजश्वका सम्बन्धमा कर सम्भाव्यता अध्ययन कार्य गरि सकिएकोले करका दरहरुलाई समसायिक र दायरालाई फराकिलो बनाइ सबैलाई करको दायरामा ल्याइनेछ

ग) कर प्रणालीलाई स्वस्छ र पारदर्शी बनाउदै स्वेच्छिक कर बुझाउने परिपाटिको विकास गर्न जनचेतना मूलका कार्यक्रम संचालन गरिने छ ।

घ) नतीजामा आधारित खर्च व्यवस्थापन तथा वजेट पद्दतीको विकास गरिने छ ।

ङ) कर शिक्षा अभियानसंचालन गरी करदाताहरुलाई सम्मान गर्ने नीति लिइनेछ

च) कर राजस्व सम्बन्धि स्पष्ट कानून, नीति, कार्यविधी बनाई र संस्थागत संरचनाका प्रर्वधन गरिने छ ।

झ) वडाबाट उठेको राजश्वको अनुपातमा रकम सम्बन्धीत वडाकै विकास योजनामा रकम पठाइने निति लिइनेछ ।

# परिच्छेद-३

## स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता

यस परिच्छेदमा बिद्यमान कानुनी प्राबधान अनुसार स्थानीय सरकारहरुको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । खजुरा गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाहरुको विश्लेषण गरी पहिचान गरिएका बास्तबिकताहरुलाई राजस्व सुधार कार्ययोजना मार्फत सम्वोधन गर्ने प्रयास गरिएको छ ।

यस परिच्छेदलाई मुख्यतया तीन भागमा बिभाजन गरिएको छ । पहिलो भागमा स्थानीय तहहरुको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको बारे चर्चा गरिएको छ । दोश्रो भागमा खजुरा गाउँपालिकाको आन्तरिक आय परिचालनको बर्तमान अबस्थाको बिश्लेषण गरिएको छ भने तेश्रो भागमा गाउँपालिकाको आन्तरिक श्रोततर्फ राजश्वका प्रमुख क्षेत्रहरु तथा सम्भावनाको बारे बिश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ले स्थानीय तहलाई निम्नानुसारका आय संकलन गर्ने अधिकार प्रदान गरेको छ ।:

**(क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकारः**

**अ) कर**

- **सम्पत्ति करः** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा समेत पर्ने ।
- **भूमि कर (मालपोत)ः आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति** कर लगाएको घरजग्गामा भूमिकर (मालपोत) नलाग्ने ।
- **घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- **व्यवसाय दर्ता तथा नविकरण कर**ः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- **सवारी साधन करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **मनोरन्जन करः**
- **बिज्ञापन करः**
- **जडिबुटी, कवाडी र जीवजन्तु कर**ःः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत लगाइने कर ।

**आ) शुल्क**

- **बहाल बिटौरी शुल्कः** आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- **पार्किङ् शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनारञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, , सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) ( अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिश सम्बन्धी अन्य सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - एफएम रेडियो संचालन,
  - घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, टयुसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सभेक्षण, उत्खननु तथा उपयोग ।
- नक्सा पास दस्तुर ।
- पञ्जीकरण व्यवस्थापन दस्तुर ।
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर ।
- अन्य बिक्रि बाट प्राप्तगाउँपालिका तथा नगरपालिकाले आफनो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।

गाउँपालिकाहरुले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्नेछन् । यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने

- सामुदायिक वनबाट आय प्राप्त गर्न सक्ने ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खनिज पदार्थको उत्खनन् रोयल्टी ।
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खानेपानी महसुल ।
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क ।
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार व्यवस्थापन ।
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति ।
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण ।
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण ।
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता ।

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**<u>एकल कर प्रशासन सम्वन्धी व्यवस्था (आर्थिक ऐन २०७५ वाट संसोधित व्यवस्था)</u>**

**(क)** सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख) .घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) .मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गनुपर्ने । प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने ।

(च) आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने ।

(छ) प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजश्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने ।
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने ।
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेश सरकारवाट प्रदान गरिने अनुदान

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफनो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था) ।
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।

**३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

माथि ३.१ उल्लेखित स्थानीय तहका राजस्व अधिकार सम्बन्धी कानूनी आधारमा खजुरा गाउँपालिकाको सम्भाव्य आय शिर्षकहरू अर्न्तगतको बर्तमान राजश्व परिचालनको अवस्था तल विश्लेषण र गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका**

**खजुरा गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावना भएको/नभएको | संकलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| **क** | **कर राजस्व** | | | |
| १ | सम्पीत्त कर | भएको | भएको | भएको |
| २ | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा ) | भएको | नभएको | भएको |
| ४ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ५ | व्यवसाय कर (दर्ता तथा नबिकरण) | भएको | भएको | भएको |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | नभएको | भएको |
| ७ | मनोरन्जन कर | भएको | नभएको | नभएको |
| ८ | बिज्ञापन कर | भएको | नभएको | भएको |
| **ख.** | **गैर कर राजस्व** | | | |
| ९ | ढुङ्गा, गिटट्ी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | नभएको | नभएको | नभएको |
| १० | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| ११ | ब्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| १२ | वहाल विटौरी शुल्क | भएको | भएको | भएको |
| १३ | पार्किङ्ग शुल्क | भएको | नभएको | नभएको |
| १४ | अस्पताल संचालन | नभएको | नभएको | नभएको |
| १५ | फोहरमैला ब्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| १६ | स्थानीय खानेपानी महसुल | नभएको | नभएको | नभएको |
| १७ | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |
| १८ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवा शुल्क | नभएको | नभएको | नभएको |
| १९ | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क | भएको | भएको | भएको |
| २० | मूल्यांकन सेवा शुल्क | भएको | भएको | भएको |
| २१ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | भएको | भएको | भएको |
| २२ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २३ | दण्ड जरिवाना | भएको | भएको | भएको |

श्रोतः समुह छलफल तथा गाउँपालिकाको अभिलेख, २०७८

खजुरा गाउँपालिकालाई मध्यनजर गरी विद्यमान कानुनी प्रावधान अनुसार स्थानीय सरकारले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा माथिको तालिकामा प्रस्तुत गरिएको छ। जसमध्ये करतर्फ ८ शीर्षक र गैरकरतर्फ १५ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ । तालिका अनुसार गाउँपालिकाले लिन सक्ने ८ किसिमका कर राजस्व मध्ये खजुरा गाउँपालिकाका जनप्रतिनिधिहरु, राजस्व परामर्श

समितिका सदस्यहरु तथा कार्यालयका कर्मचारीहरूसँगको छलफल तथा गाउँपालिकाका दस्तावेजहरूको अध्ययनका आधारमा सबै शिर्षक अर्न्तगत करहरु संकलनको संभावना रहेको भएतापनि केवल चार क्षेत्रबाट मात्र रकम संकलन भैरहेको पाइयो । गैरकरतर्फका १५ शीर्षकमध्ये १० शीर्षकमा संकलनको सम्भावना भएको पाइएतापनि केवल ८ शीर्षकको दर निर्धारण भै कर संकलन भएको पाइन्छ ।

### ३.३ आन्तरिक आय तथा राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस शिर्षक अन्तरगत खजुरा गाउँपालिकाले प्रचलित कानून बमोजिम संकलन गर्न पाउने आन्तरिक स्रोत मध्ये हाल संकलन भईरहेको तथा त्यसमा कुल संभावित आय र नयाँ संभावित क्षेत्रहरु तथा त्यसमा संकलन हुन सक्ने कुल सम्भावित आयलाई अध्ययन तथा विश्लेषण गरिएको छ ।

#### ३.३.१ कर राजश्व

कर राजश्व तर्फका तपसिलमा उल्लेखित करहरुको बर्तमान अबस्था तथा संभाब्यताको बिश्लेषण गरिएको छ ।

**क. सम्पत्ति कर**

**बर्तमान अवस्थाः** खजुरा गाउँपालिकाले आ.व. २०७६।७७ देखि सम्पत्ति कर लगाउन सुरु गरिसकेको छ । गाउँपालिकाको आर्थिक ऐन २०७८ ले गाउँपालिका क्षेत्रमा भएका घर जग्गाको मुल्यांकनको आधारमा सम्पत्ति करको दर तोकेको छ । गाउँपालिकाको आर्थिक ऐन २०७८ को अनुसूची १ मा सम्पत्ती करका दरहरुको बारे उल्लेख गरिएको छ । सम्पत्ति करको आधार व्यक्तिको सम्पक्ति मुल्यांकनको आधारमा हुने प्रवधान छ । गाउँपालिकामा भएकृ छलफलका आधारमा सबै करदाताहरुलार्क्ष तिन बर्गमा बिभाजन गरी सम्भावित सम्पत्ति करको आकलन गरिएको छ । गाउँपालिकाले गरेको घरपरिवार सर्भेक्षण २०७६ अनुसार पालिकामा रहेका जम्मा १०६७१ घरधुरी मध्ये

**संभावित सम्पत्ती कर रु**

| संभावित करदाता संख्या | औषत बार्षिक रु | बार्षिक कुल आय सम्भाव्यता | कैफियत |
|---|---|---|---|
| ६४०० | २५० | १६०००००.०० | |
| ३२०० | १००० | ३२०००००.०० | |
| १०७१ | २५०० | २६७७५००.०० | |
| जम्मा | | ७४७७०००.०० | |
| प्रस्तावित रकमको पहिलो बर्षमा ६० प्रतिशत र त्यसपछिका वर्षहरुमा २० प्रतिशतले बृद्धि हुने । | | | |

*श्रोतः राजस्व शाखा तथा समुहगत छलफल*

**सुझावहरु**

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरी भूमिसम्बन्धी एकीन र विस्तृत तथ्यांक कायम गर्ने ।
- गाउँपालिकामा प्रत्येक घरधुरीलाई अनिवार्य रुपमा आफ्नो घर नक्शा अभिलेखिकरण गर्न लगाउने ।
- सम्पत्तीकर लाग्ने घर तथा जग्गाको मूल्यांकनमा बैज्ञानीक रुपमा परिमार्जन गर्ने ।

**ख) भुमी कर/मालपोत**

**बर्तमान अबस्था :**

**मालपोत/भुमीकर**ः गाउँपालिकाको आन्तरिक स्रोत तर्फको राम्रो आयको स्रोत मानिन्छ । विद्यमान कानुन अनुसार सम्पत्ति कर लगाउने भनी तोकिएको घर जग्गा बाहेकका अन्य सबैखाले जग्गाहरुमा भूमिकर लगाउने व्यवस्था छ तर खजुरा गाउँपालिकाले सम्पत्तिकर लगाएको भनि भुमिकर लिएको देखिएन । जग्गाको मूल्यांकन गर्दा जग्गाको क्षेत्रफल, जग्गाको भौगोलिक अवस्थिति, जग्गाको उपयोगको अवस्था, जग्गा रहेको स्थानमा पूर्वाधार विकासको अवस्थालाई आधार लिइन्छ ।

गाउँपालिकामा भूमीकर लगाउन योग्य जग्गा करिव ९५.७९ हेक्टर देखिन्छ । हाल गाउँपालिकामा रहेका कुल घरधुरी संख्या तथा भूमीकरको दरलाई भूमीकर रकमको कुल सम्भाव्यता आँकलनको मूल आधारको रुपमा लिई निम्न तालिका

अनुसार गणना गरिएको छ । एक घरधुरीमा एकभन्दा बढी व्यक्तिसँग भूमिकर योग्य जग्गा हुनसक्ने र केही जग्गाधनीहरुको घर नभै घडेरी मात्र भएकोले सो समेतलाई ध्यानमा राखी जम्मा घरधुरी संख्या १०६७१ मा ५० प्रतिशत थप गरी कुल भूमिकरको करदाता संख्या निर्धारण गरिएको छ । आ.व २०७८/७९ को लागि गाउँपालिकाबाट स्विकृत आर्थिक ऐनमा भएको व्यवस्था अनुसार निंनानुसार

| | |
|---|---|
| कुल भूमिकर करदाता संख्या | १६०००.०० |
| प्रति करदाता औसत भूमिकर | ३००.०० |
| कुल सम्भाव्य भूमिकर | ४८०१९५०.०० |
| प्रस्तावित रकमको पहिलो बर्षमा रु २छ लाख र त्यसपछिका वर्षहरुमा २० प्रतिशतले बृद्धि हुने । | |

**सुझावहरु**

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरी भूमिसम्बन्धी एकीन र विस्तृत तथ्यांक कायम गर्ने ।
- गाउँपालिकामा प्रत्येक घरधुरीलाई अनिवार्य रुपमा आफ्नो घर नक्शा अभिलेखिकरण गर्न लगाउने ।
- सडकहरुको लगत कट्टाको व्यवस्था गर्दे जाने ।
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

**ग) घर जग्गा वहाल कर**

गाउँपालिका क्षेत्रभित्र व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर वाा पोखरी पुरै, आंशिक तवरले वहालमा दिएकोमा वहालमा दिएको कुल अंकमा कर लगाईने व्यवस्था अनुसार वहाल कर असुली गर्नुपर्ने हुन्छ र स्वही बोजिम गर्दै आइरहेको छ ।

**खजुरा गाउँपालिकाको आर्थिक ऐन २०७८ मा घर जग्गा वहालकर सम्वन्धी व्यवस्था :** "गाउँपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना जग्गा आदि बहालमा दिएकोमा सम्वन्धित धनिबाट १० प्रतिशत" । गाउँपालिका क्षेत्रमा पसल व्यवसाय,बैंक तथा वित्तीय संस्था, सहकारी संस्था र सरकारी तथा गैरसरकारी संस्थाहरुलाई सटर तथा कोठा भाडामा लगाईएको छ । गाउँपालिकामा हाल घर बहालमा लगाउने घरधनिहरुको यथार्थ विवरण नभएता पनि हाल गाउँपालिकामा घर बहाल कर बुझाउनेको संख्या सारै न्युन रहेको छलफल बाट पाइयो । गाउँपालिकामा भएको छलफल अनुसार पालिकामा नआइ नहुने अवस्थाका घरधनीहरु तथा बैंक तथा वित्तीय संस्था, सहकारी संस्था एवं गैरसरकारी संस्थाहरु मात्र आउने गरेको देखिन्छ । वर्तमान अवस्थामा बजार बिस्तार तथा अस्थायी बसोबासको क्रम बढ्दै गएकोले घर तथा सटरहरु बहालमा जाने क्रम बृद्दि भएको पाइन्छ । साथै घरबहालमा लिने दिने बिचको संझौता समेत यथार्थपरक नहुने गरेकोले पनि एकिन आकलन गर्न गाह्रो छ । अत: आगामी दिनमा गाउँपालिकाले यस सम्वन्धी विस्तृत तथ्यांक संकलन गरी घर बहालमा लगाउने घरधनिहरुलाई करको दायरामा ल्याउन आवश्यक छ । हाल गाउँपालिका क्षेत्रमा करिव ५०० सटरहरु पसल व्यवसाय वा कार्यालय प्रयोजनकालागि वहालमा लगाएको अनुमान गर्न सकिन्छ । हाल बजारको प्रति सटर वहाल वापत औषत रु.३५००।- का दरले हिसाव गर्दा पनि बार्षिक रु २१००००००।- को कारोवार हुने र गाउँपालिकाको आ.व २०७८/७९ को आर्थिक ऐनमा व्यवस्था भए बमोजिम १० प्रतिशतका दरले हुने रकम रु २१०००००.।- घर बहालकर उठ्न सक्ने देखिन्छ । त्यस बाहेक सहकारीहरु, बित्तिय संघ संस्थाहरु, गैससहरु तथा कानुनीरुपमा दर्ता भएका व्यपारी तथा व्यवसायीहरुले बुझाउने रकम ७२००००।- संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ । त्यस्तै घरयासी प्रयोजन (कोठा भाडामा) लगाउने समेत सबैलाई करको दायरामा ल्याउन सकिएमा हाल संकलन हुदै आएको रकममा करिव चार गुना बडी रकम संकलन हुने देखिन्छ । अत आगामी दिनहरुको लागि घर बहाल करको संभावनालाई स्वही अनुसार प्रक्षेपण गरिएको छ ।

**प्रस्तावित घर जग्गा बहालकर**

| क्र.स | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा बस्ने अनुमानित संख्या | मासिक औसत भाडा रकम | वार्षिक भाडा रकम | प्रस्तावित करको दर | घर जगगा बहाल कर |
|---|---|---|---|---|---|---|
| १ | ठुला संस्थागत तथा औधोगिक प्रयोजनकोलागि | ३० | १२०००.०० | ४३२००००.०० | १० | ४३००००.०० |
| २ | व्यवसायीक प्रयोजन (सटर भाडामा) | ५०० | ३५००.०० | २१००००००.०० | १० | २१०००००.०० |
| ३ | घरयासी प्रयोजन (कोठा भाडामा) | २५० | १५००.०० | ४५०००००.०० | १० | ४५००००.०० |
| | | | | | जम्मा | २९८००००.०० |
| पहिलो बर्ष अनुमानको ५० प्रतिशत ले हुने रु १५०००००।- त्यस पछिका बर्षहरुमा ३० प्रतिशतले बृद्धि शुने । | | | | | | |

आगामी दिनहरुमा गाउँपालिकाले तपशिलमा भएका कार्यहरु गर्दा घर बहाल करलाई बढी प्रभाबकारी गर्न सकिन्छ ।

- घरबहालमा दिनेहरुको लगत संकलन गर्ने र नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने ।
- घरबहाल कर संकलन गर्दा गाउँपालिकाले निर्धारण गरेको हालका दरहरुलाई परिमार्जन गर्ने ।
- सुरु सुरुमा करदातालाई आफै कर घोषणा गर्न लगाउने र स्बही अनुरुप संकलन गर्ने ।
- घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने ।
- सम्पत्ति कर, व्यबसाय कर र घरजग्गा बहालकर संकलनलाई एकीकृत रुपमा एकै पटक उठाउन सकिने गरी व्यवस्था मिलाउने ।

**घ).व्यवसाय कर**

गाउँपालिकाले आर्थिक ऐन २०७८ मा व्यवसायको प्रकृति अनुसार करको दर निर्धारण गरेको छ । गाउँपालिकाले व्यवसाय करलाई दर्ता तथा नविकरण समेत गरी दर कायम गरेको छ । व्यवसाय दर्ता करको दर रु ५०० देखि रु ३५०००।- सम्म र नविकरणमा न्यूनतम रु ५००।- देखि अधिकतम रु १५०००।- सम्म रहेको छ । व्यबसाय कर बापत गाउँपालिकाले आ.व २०७६/७७ मा रु ४५८६५०।- तथा आ.व २०७७/७८ मा रु ५०८४००।-संकलन भएको र चालू आ.व. २०७८/७९को लागि व्यवसाय रजिष्ट्रेशन तथा नबिकरण दस्तुर बापत रु १०१००००।- आम्दानी हुनसक्ने अनुमान गरेको छ ।

गाउँपालिकाको घरपरिवार सर्भेक्षण २०७६ अनुसार गाउँपालिका क्षेत्रमा ११७२ व्यपार व्यवसायहरु संचालनमा रहेकाछन् । सञ्चालनमा रहेका कुल ११७२ व्यवसायिक फर्महरूमध्ये करिव २० प्रतिशत मात्र गाउँपालिकामा दर्ता भएको पाइन्छ । बाँकी ८० प्रतिशत व्यपार व्यवसायीहरुले गाउँपापलकामा दर्ता गराएका छैनन् । गाउँपालिकामा प्रत्येक बर्ष कुन कुन क्षेत्रमा के कति व्यवसायहरु थपिए तथा कतिले व्यवसाय बन्द गरे सो सम्वन्धी बिस्तृत बिवरण नभएकोले आगामी दिनहरुमा यसलाई व्यवस्थीत गरेमा मात्र सही विवरण लिन/दिन सकिने देखिन्छ । अतः गाउँपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका उद्योग तथा व्यबसायहरुको यकिन तथ्यांक संकलन गरी कर असुलीलाई प्रभाबकारी बनाउनसके राजस्वमा उल्लेख्य बृद्धि हुनसक्ने देखिन्छ ।

| सि.नं | गाउँपालिका भित्रका संभाव्य व्यवसायहरुको संख्या | आ.व २०७६/७७ सम्म सूचिकृत व्यवसायीहरु | आ.व २०७७/७८ मा दर्ता भएका व्यवसाय संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १५००* | २५८ | १९० | *२०७६ पछि थपिएका समेत । |

गाउँपालिकामा भएको छलफलका आधारमा व्यवसाय करलाई निंनानुसार अनुमान गरिएको छ ।

| करको शिर्षक | न्युनतम रु | अधिकतम रु | औषत रु | संख्या ( करदाता) | वार्षिक कुल आय सम्भाव्यता रु | कैफियत |
|---|---|---|---|---|---|---|
| व्यवसाय कर | ५००.०० | ३६०००.०० | १०००.०० | १५०० | १४०००००.०० | |
| | | | | **जम्मा** | **१५०००००.००** | |

गाउँ तथा खजुरा बजार क्षेत्रमा रहेका सम्पूण व्यवसायहरुलाई अनिवार्य दर्ता गर्ने योजनाका साथ व्यवसायीहरुकै सहयोगमा व्यवसाय दर्ता तथा नविकरण अभियान संचालन गर्न आवस्यक देखिन्छ । गाउँपालिकामा संचालनमा रहेका तथा गाउँपालिकामा दर्ता भएका साना उद्योग तथा व्यबसायहरुको अन्तरलाई हेर्दा गाउँपालिकाले कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिकामा सञ्चालित सबै किसिमका व्यवसायहरुको विवरण/लगत तयार गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोबारको आधारमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्नुपरे परिमार्जन गर्ने ।
- व्यवसायीहरुको रायलाई समेत ध्यानमाराखी  व्यवबसाय दर्ता, नवीकरण र खारेजी सम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।
- बजार अनुगमन गर्ने, यसका लागि अनुगमन समिति, राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने ।
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथै नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधन गरी व्यवस्थापन गर्ने ।
- अधिकतम कर तिर्ने करदातालाई पुरस्कृत गर्ने तथा करको दायरामा नआउनेलाई उच्च दरमा जरिवानाको व्यवस्था पर्ने ।

### ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर

**बर्तमान अवस्था:** खजुरा गाउँपालिकामा जडीबुटी र जीवजन्तुहरुमा लाग्ने करको सम्भावना नदेखिएता पनि  बढ्दै गएको बजारीकरणका कारणले पनि कवाडी करको सम्भावना भने देखिन्छ । गाउँपालकाले यस शिर्षक अर्न्तगत हाल सम्म कुनै रकम संकलननै नगरिएको पाइयो । अतः आगामी आर्थिक बर्षको पहिलो चौमासिकमा कवाडी कर सम्वन्धी बृहत्तर छलफल गरी यसलाई प्रकृयामा ल्याउनुपर्ने हुन्छ । अतः आगामी दिनहरुको लागि खजुरा गाउँपालिकाले आगामी बर्ष २०७९/८० मा रु ५ लाख संकलन गर्न सक्ने संभावना रहेको छलफल बाट आएको छ ।

**सुधारका पक्षहरू:** कवाडी, करलाई अझ व्यवस्थितगर्न निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- संकलन हुन सक्ने कवाडी मालसामानको परिमाण एकीन गरी करको दरलाई आवस्यकता अनुसार परिमार्जन गर्न सकिने ।
- कवाडी व्यबसाय सञ्चालन सम्बन्धी मापदण्ड तथा कार्यविधि बनाई लागुगर्ने ।
- कवाडी कर असूलीका लागि ठेक्का बन्दोबस्त सम्वर्न्धी व्यवस्था मिलाउने ।

### च). सवारी साधन कर

**हालको अवस्था:** नेपालको संविधान २०७२ बमोजिम सवारी साधन सम्बन्धी अधिकार साझा अधिकार सूचीमा परेको छ । स्थानीय सरकार संचालन ऐनले उक्त शिर्षकमा कर उठाउने अधिकार प्रदेश सरकारलाई दिएको छ भने उठाईएको कर राजश्व बाँडफाँड वापत स्थानीय सरकारलाई समेत बाड्नु पर्नेछ । सवारी साधन मध्ये इ रीक्सा, अटोरिक्सा र ठेलागाडाको कर मात्र स्थानीय सरकारले लिन पाउने छ । खजुरा गाउँपालिकाले हाल सम्म साना सबारी साधनहरु दर्ता तथा नविकरण गरेको पाइएन र सो शिर्षक अर्न्तगत कुनै रकम संकलन भएको छैन । गाउँपालिकामा भएको छलफल अनुसार हाल गाउँपालिका क्षेत्र भित्र करिव १५० साना सवारी साधनहरु (इ रीक्सा, अटोरिक्सा, बिध्युतिय स्कुटर) संचालनमा रहेका भएतापनि अन्यत्र दर्ता भै सेवा गाउँपालिकामा दिइरहेको अवस्था हो ।  आर्थिक ऐनमा समेत करको दर निर्धारण गरिएता पनि गाउँपालिकाले इ रीक्सा, अटोरिक्सा र ठेलागाडाको दर्ता शुल्क संकलन गरिएको छैन

। साना सबारी साधन जस्तै इ-रीक्सा, अटो-रीक्सा र ठेलागाडा बाट रकम संकलन गर्न सक्ने संभावना भएतापनि व्यवस्थित पार्किङ स्थल आदिको व्यवस्थापन गर्न नसकिएकोले सो को अभावमा कार्य हुन नसकेको हो ।

**छ) बिज्ञापन कर**

**हालको अबस्था** : खजुरा गाउँपालिका क्षेत्रभित्र धेरै निजी तथा वहुराष्ट्रिय कम्पनीहरुले विज्ञापनका होडिङ बोर्डहरु राख्ने, घर टहरा तथा पर्खालहरुमा पेण्टिङ गरेको पाइन्छ । तर बिज्ञापन गरे वापत गाउँपालिकाले कुनै कर उठाउने गरेको पाइएन । बिज्ञापन करको हकमा करको दर प्रदेशले तोक्ने र सम्वनधित पालिकाले उठाउने व्यवस्था भएकोमा गाउँपालिकाले सो सम्वन्धमा बिगतमा कुनै रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रमा विज्ञापन गर्ने निजी तथा बहुराष्ट्रिय कम्पनीहरुलाई करको दायरामा अनिवार्य रुपमा ल्याई निर्धारित दरमा कर असुल्न सके थोरै भए पनि आय संकलन हुने देखिन्छ ।

संभावनाः गाउँपालिकामा वार्षिक रुपमा के कति विज्ञापन सामग्रीहरु प्रयोग गरिएको छ भन्ने यकीन तथ्यांक उपलब्ध छैन । गाउँपालिका भित्र करिव एक दर्जन बजार केन्द्रहरु रहनु, जनघनत्व तीव्र रुपमा बढ्दै जानु, वर्दिया जिल्लाको प्रबेशद्वारको रुपमा रहनु तथा पुरानो शहर नेपालगन्ज आगागमन गर्ने मार्गमा रहनु आदि कारणले यस गाउँपालिकामा विज्ञापन करको सम्भावना फराकिलो हुँदै गएको छ । यद्यपि गाउँपालिकाको आफ्नै अनुभवबाट पनि ठेक्का रकम आह्वान गर्दा बढी व्यवहारिक र यथार्थपरक हुनुपर्ने देखिएको छ । विज्ञापन कर वार्षिक एकमुष्ठ रु. ५ लाख अनुमान गरिएको छ ।

सुधारका पक्षहरूः

- गाउँपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत संकलन गर्ने ।
- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने ।
- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने ।
- सार्वजनिक जग्गा लगायत निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यबस्था गर्ने ।

**ज.मनोरञ्जन कर**

**हालको अवस्थाः** मनोरञ्जन कर सम्बन्धी अधिकार प्रदेश सरकारको क्षेत्राधिकार भित्र परे पनि यस शिर्षकमा कर उठाउन स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरिएको छ । तर यस शिर्षबाट उठेको रकम राजश्व बाँडफाँड वापत प्रदेश सरकारलाई समेत फिर्ता गर्नुपर्दछ । मनोरन्जन कर बापत हाल सम्म कुनै कर उठाउने गरिएको पाइएन र गाउँपालिकामा भएको छलफलको सुझावमा आगामी बर्षहरुमा समेत प्रस्ताव गरिएको छैन ।

**गैर कर राजश्व**

**क. बहाल विटौरी कर**

हालको अवस्थाः स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । उक्त ऐनको आधारमा गाउँपालिकाको आर्थिक ऐनले अव्यवस्थित, भूमिहीन र सुकुम्बासी बसोवास भएका स्थानमा घरले चर्चेको जग्गा र सो जग्गामा निर्माण भएका घरमा अव्यवस्थित बसोवास व्यवस्थापन शुल्क लिई सो शुल्क बहाल बिटौरी शुल्क अन्तर्गत जम्मा गर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले यस शीर्षकमा आ.व. २०७६।७७ मा ९७६१०।- संकलन गरेको, आ.व. २०७७।७८ मा १०८२८०।- संकलन गरेका तथा चालु आ.व. २०७८।७९ मा रु. ५ लाख संकलन गर्ने अनुमान गरेको छ । गाउँपालिकामा हाल ऐलानी जग्गाहरुमा बसोवास गर्ने परिवार संख्या एकिन छैन । पालिकामा यस सम्वन्धी बिवरण नभएकोले गाउँपालिकामा भएका छलफल बाट ऐलानी जग्गामा बसोबासीहरुले बुझाउनुपर्ने बिटौरी वापतको रकम आगामी आ.व २०७९/८० को लागि रु १० लाख अनुमान गरिएको छ ।

- आगामी दिनमा गाउँपालिकाले सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचना सम्बन्धी विस्तृत तथ्यांक संकलन गरी बहाल बिटौरी शुल्कको दायरामा ल्याउने आवस्यक छ ।
- जमिनको उपयोग अनुसार शुल्कको दर निर्धारण गर्ने ।

- गाउँपालिका क्षेत्रमा रहेका हाट बजार लाग्ने स्थानमा राखिने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।

**ख. घर नक्सा पास दस्तुर :**

**हालको अवस्था:**

हालको अवस्था: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७, दफा २७ ले कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुँदैन भन्ने निर्देश गरेको छ । खजुरा गाउँपालिकाले आ.व २०७६/७७ देखि घर नक्सा पास दस्तुर संकलन गर्दै आइरहेको छ । गाउँपालिकाले आ.व. २०७६।७७ मा यस शीर्षकमा रु. १००३४२०।- संकलन गरेको थियो । त्यसैगरी आ.व. २०७७।७८ मा १२५३०००।- संकलन भएको र चालु आ.व. २०७८।७९ मा भने रु.१९३००००।- संकलन गर्ने अनुमान गरेको छ । गाउँपालिकाले गरेको घरपरिवार सर्भेक्षण २०७६ अनुसार पालिकामा रहेका जम्मा १०६७१ घरधुरी मध्ये २२३९ घरधनिहरुले मात्र घर सम्पन्नताको प्रमाणपत्र लिएको देखिन्छ । गाउँपालिकाले पुरानो घरहरुको अभिलेखिकरण सम्वन्धी कार्यक्रमहरु संचालन गरेतापनि खासै प्रगति नभएको र अत्यधिक घरहरु अझै पनि अभिलेखिकरण गर्न वाँकी रहेको छ ।

सम्भावना: नक्सापास गाउँपालिकाको नियमित र एक उल्लेख्य आम्दानीको स्रोत हो । नक्सा शाखाको तथ्यांक अनुसार औसतमा मासिक ८-१० वटा सम्म नक्साहरु दर्ता तथा अभिलेखिकरण हुने गरेका छन् । हालको बजार बिस्तार तथा पुरानो घरहरु भत्काई नया बनाउने प्रचलनले यो संख्या आगामी दिनमा बढ्दै जाने अनुमान गर्न सकिन्छ । बर्तमान अवस्थामा अत्यावश्यक कामकोलागि मात्र घरहरुको नक्सापास गर्ने प्रचलन रहेको बुझिएकोले यस्तो कार्यलाई आगामी दिनहरुमा निरुत्साहित गरी सबै बन्ने घरहरुलाई अनिवार्य गर्नुपर्ने हुन्छ । बर्तमानको तथ्यांक तथा विगतको आय प्रवृत्तिका आधारमा नक्सापास दस्तुर बापत प्राप्त हुने आय आगामी दिनमा बढ्ने देखिन्छ । गाउँपालिकमा भएको छलफल अनुसार गाउँपालिकाले आगामी दिनहरुमा पुरानो घरको अभिलेखिकरण गर्ने प्रयोजनकालागि अभियानको संचालन गरी कार्य अगाडी बढाउने प्रतिबद्धता अनुसार आगामी आ.व २०७९/८० मा नक्शापास बापत रु ३० लाख संकलन हुने अनुमान गर्न सकिन्छ ।

**सुधारका पक्षहरु:**

- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरु सञ्चालन गरी नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याउने ।
- आवासीय, व्यवसायिक तथा औद्योगिक प्रयोजनका घरहरुलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने आर्थिक रुपमा कमजोर करदातालाई सहुलियत प्रदान गर्ने ।
- नक्सा पास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक आपसमा आवद्ध गर्ने तथा कर प्रशासन र नक्सापास प्रक्रियालाई सरलीकरण गर्ने ।

**ग) सिफारिश दस्तुर** :

**हालको अवस्था:** गाउँपालिकाले दस्तुर शिर्षक अन्तर्गत बिबिध दस्तुर आर्थिक ऐनमा तोकी राजस्व संकलन गर्दै आएको छ । आ.व. २०७७।७८ मा यस शीर्षकमा कुल रु ३२५४०००।- संकलन गरेकोमा चालु आ.व. २०७८।७९ मा रु. २००००००।- मात्र संकलन गर्ने लक्ष्य राखेको छ । यस शिर्षकमा अन्य बिभिन्न दस्तुरहरु समेत एउटै शिर्षकमा आम्दानी बाधिएकोले रकम बढी देखिएको हो । आगामी दिनहरुमा बिविध शिर्षक अर्न्तगतनै आम्दानी बाधिने व्यवस्था मिलाउन सिफारीस गरिन्छ । यसरी भिन्दा भिन्दै आम्दानी जनाउदा यस अर्न्तगत जम्माहुने रकम पनि कम हुने देखिन्छ । आगामी आ.व को लागि उक्त शिर्षक अन्तर्गत रु २५०००००।- प्रस्ताव गरिएको छ । राजस्व संकलन गाउँपालिकाको कार्यालय सहित सबै वडा कार्यालयहरुबाट गर्ने गरिएको छ । बिलिङको लागि गाउँपालिकाको कार्यालय तथा सबै वडाहरुमा सफ्टवेयरमा आधारित बिलिङ पद्दती लागु गरिएको छ ।

**सम्भावना:** सिफारिश वा प्रमाणित गर्ने काम गाउँपालिकाको नियमित र निरन्तर काम भएकाले यो गाउँपालिकाको आम्दानीको एक नियमित स्रोत समेत हो । यस शीर्षकमा विगतको आय प्रवृत्ति, जनसंख्या तथा बढ्दो शहरीकरणलाई मध्यनजर गर्दा आगामी तिन बर्षमा रु ३०२५०००।- संकलन गर्न सक्ने अनुमान गरी स्वही बमोजिम प्रक्षेपण गरिएको छ ।

**घ) व्यक्तिगत घटना दस्तुर**

स्थानीय तहले व्यक्तिगत घटना दर्तामा निष्चित अवधि ३५ दिन कटेपछि मात्र बिलम्व शुल्कको रुपमा व्यक्तिगत घटना दस्तुर लिनपाउने प्रावधान रहेको छ । हाल सम्म गाउँपालिकाले यस शिर्षक अर्न्तगत रकम संकलन गरेको देखिदैन । संकलन गरिएको रकम सिफारिस दस्तुर अर्न्तगत संकलन गरिएको छ । आगामी दिनहरुमा व्यक्तिगत घटना दस्तुर अर्न्तगतको रकम स्वही शिर्षकमा आम्दानी बाध्ने व्यवस्था मिलाउन सिफारिस गरिन्छ । साथै उक्त वापत अर्को आ.व मा रु १५०००।- संकलन हुने अनुमान गरिन्छ ।

**ङ) पर्यटन स्थल प्रवेश शुल्क**

**हालको अवस्थाः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा पर्यटकीय स्थलमा कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने कानुनी व्यवस्था छ । तर हालसम्म पर्यटन शुल्क सम्बन्धमा कुनै निर्णय भने गरेको छैन । खजुरा गाउँपालिकामा पर्यटकीय सम्भावना रहेका बिभिन्न स्थलहरु भएता पनि त्यसको अभ्ययन तथा अनुसन्धान भै कुनै प्रतिबेदन तथार भएको पाईएन । यसकोलागी मुख्य पर्यटकिय स्थलको बिकास गरी स्वही बमोजिम प्रवेश शुल्कको व्यवस्था गर्दा राम्रो हुने देखिन्छ । अत यस योजनामा यस शिर्षक अर्न्तगत रकम प्रस्ताव गरिएको छैन ।

**च) बिक्रीबाट प्राप्त रकम (स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री) :**

**हालको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ मा व्यबस्था भएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणिय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा हाल वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था गरेको छ । अध्ययन सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । मान खोला खजुरा गाउँपालिका तथा बर्दियाको बासगढी नगरपालिका तथा बढैयाताल गाउँपालिकाको सिमाभै बग्दछ । गाउँपालिकामा भएको छलफल अनुसार खजुरा गाउँपालिकामा कुनै पनि खोला तथा नालाहरुबाट ढुंगा, गिट्टी, बालुवा तथा माटो जन्य बस्तुको उत्खनन् तथा बिक्रि बितरण गर्न सक्ने अवस्था छैन । अतः यस शिर्षक अर्न्तगत कुनै रकम प्रस्ताव गरिएको छैन ।

# परिच्छेद-४
# आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा कोहलपुर नगरपालिकाले बिगतमा राजश्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको बर्तमान अवस्थालाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यसबाट गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

**४.१ राजश्व परिचालन सम्बन्धी संस्थागत ब्यबस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार गाउंपालिका उपप्रमुखको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि सात सदस्यीय स्थानीय राजश्व परामर्श समिति गठन गरिएको छ । राजस्व परामर्श समितिले राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी गाउँपालिाकामा सिफारिश गर्ने लगायत कार्यहरु गर्दै आएको छ ।

**४.२ खजुरा गाउँपालिकाको विगत ३ बर्षको आय परिचालनको अवस्था**

**तालिका :**

**खजुरा गाउँपालिकाको राजश्व संकलनको अवस्था रु हजारमा**

| राजस्व संकेत | राजस्व शीर्षक | २०७५/०७६ को यथार्थ | २०७६/०७७ को यथार्थ | २०७७/०७८ को यथार्थ | २०७८/०७९ को प्रस्तावित |
|---|---|---|---|---|---|
| | आन्तरिक आय | | | | |
| ११३११ | सम्पत्ती तथा पट्टाको आयमा लाग्ने कर | | ०.०० | ८७.०० | ४८००.०० |
| ११३१३ | सम्पत्ती कर | | ३४०९.३७ | ४०२५.९९ | १०५०.०० |
| ११३१४ | भुमिकर/मालपोत | | ०.०० | ०.०० | ०.०० |
| ११३२१ | घरबहाल कर | | ४०.०० | ७६२.५७ | १४००.०० |
| ११३२२ | बहाल बिटौरी कर | | ९७.६१ | १०८.२८ | ५००.०० |
| ११४५१ | साना सवारी साधन कर | | ०.०० | ०.०० | ०.०० |
| ११४७९ | मनोरन्जन कर | | ०.०० | ०.०० | ०.०० |
| ११४७२ | बिज्ञापन कर | | ०.०० | ०.०० | ०.०० |
| ११६११ | जडिबुटी तथा कवाडी कर | | ०.०० | ०.०० | ०.०० |
| ११६९१ | अन्य कर | | ३३१३.३० | ३८४२.५५ | २००.०० |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त | | ११६४.६७ | २२.४५ | १०.०० |
| १४१९१ | पर्यटन शुल्क | | ०.०० | ०.०० | १०.०० |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त | | ०.०० | ५.०० | १०.०० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | | ०.०० | ०.०० | ०.०० |
| १४२२१ | न्यायिक दस्तुर | | ०.०० | ०.०० | १०.०० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | ०.०० | १२.५० | १०.०० |
| १४२२४ | परिक्षा शुल्क | | ०.०० | ०.०० | १०.०० |
| १४२२९ | अन्य पशासनिक सेवा शुल्क | | ०.०० | ०.०० | ०.०० |
| १४२४१ | पार्किङ शुल्क | | ०.०० | ०.०० | ०.०० |
| १४२४२ | नक्सापास दस्तुर | | १००३.४२ | १२५३.०८ | १९३०.०० |
| १४२४३ | सिफारिस दस्तुर | | ५६७.३७ | ३२५४.३२ | २०००.०० |

| राजस्व संकेत | राजस्व शीर्षक | २०७५/०७६ को यथार्थ | २०७६/०७७ को यथार्थ | २०७७/०७८ को यथार्थ | २०७८/०७९ को प्रस्तावित |
|---|---|---|---|---|---|
| १४२४४ | व्यक्तिगत घटना दस्तुर | | ०.०० | ०.०० | १०.०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | ०.०० | ०.०० | २०.०० |
| १४२४९ | अन्य दस्तुर | | ३२७७.९५ | २२४५.२२ | १५००.०० |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन तथा नविकरण दस्तुर | | ४५८.६५ | ५०८.४० | १०१०.०० |
| १४२५४ | रेडियो तथा एफ्.एम् संचालन दस्तुर | | ०.०० | ०.०० | ०.०० |
| १४२६५ | अन्य क्षेत्रको आय | | १३.०० | ४४६.५१ | १००.०० |
| १४३१३ | धरौटी सदरस्याहा | | ०.०० | ०.०० | ५०.०० |
| १४४११ | चालु हस्तान्तरण | | ०.०० | ०.०० | १०.०० |
| १४५२९ | अन्य राजस्व | | ४४७४.११ | २७४०.१३ | २०००.०० |
| १५१११ | बेरुजु फिर्ता | | १७५.४१ | १२५.०० | २४०.०० |
| | **आन्तरिक तर्फ जम्मा** | **३०४५५.६८** | **१७९९४.८६** | **१९४३९.०१** | **१६८८०.००** |
| | **बृद्धि दर** | **(४०.९१** | **८.०३** | | |
| | बाँडफाँडबाट प्राप्तहुने कर तथा दस्तुर | | | | |
| ११३१५ | घरजग्गा रजिष्टेशन दस्तुर | ०.०० | ११२४३.९९ | १६९७१.०४ | १९०००.०० |
| ११४११ | मुल्य अभिबृद्धि कर | ७४९५७.५९ | ७४०५१.१४ | ९३०२८।०१ | ९८६५२.०० |
| ११४२१ | राजस्ज बाँडफाँड अन्त शुल्क | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ११४५६ | सवारी साधन शुल्क | ०.०० | ५६२०.५५ | ८२१७.०८ | ९२१४.०० |
| १४१५३ | राजस्ज बाँडफाँड बन रोयल्टी | ०.०० | ७८९.६० | ११०९.१३ | ०.०० |
| | बिबिध राजस्व | ०.०० | ४४०.८४ | ५०५.२२ | ०.०० |
| | **राजस्व बांडफांड जम्मा** | **७४९५७.५९** | **९१७०५.२८** | **११९८३०.४७** | **१२६८६५.५२** |
| | संघीय सरकारबाट प्राप्तहुने अनुदान: | | | | |
| १३३११ | बित्तीय समानीकरण अनुदान | १४५०००.०० | १५०३००.०० | १४९५००.०० | १५९४००.०० |
| १३३१२ | सशर्त अनुदान चालु | २४७३०७.०० | २९००३५.०० | ३६०१२८.३५ | ३०५२५९.०० |
| १३३१३ | सशर्त अनुदान पुजिगत | ०.०० | ०.०० | ०.०० | ३२६००.०० |
| १३३१४ | बिषेश अनुदान चालु | ०.०० | ९२००.०० | १२५००.०० | ०.०० |
| १३३१५ | बिषेश अनुदान पुजिगत | ०.०० | ०.०० | ०.०० | १५०००.०० |
| १३३१६ | समपुरक अनुदान चालु | २७०४६.०० | २४४००.०० | ९००५.७५ | ०.०० |
| १३३१७ | समपुरक अनुदान पुजिगत | ०.०० | ०.०० | ०.०० | ४२००.०० |
| | **संघिय सरकार अनुदान जम्मा** | **४१९३५३.००** | **४७३९३५.००** | **५३११३४.१०** | **५१६४५९.००** |
| | प्रदेश सरकारबाट प्राप्त अनुदान: | | | | |
| १३३११ | बित्तीय समानीकरण अनुदान | ४७९३.०० | ४७६९.०० | ५६७६.०० | ७५८५.०० |
| १३३१२ | सशर्त अनुदान चालु | ९६४५.०० | ५८०००.०० | ५९३५०.०० | ५४४.०० |
| १३३१३ | सशर्त अनुदान पुजिगत | ०.०० | ०.०० | ०.०० | २८०००.०० |
| १३३१४ | बिषेश अनुदान चालु | ०.०० | ८२००.०० | १२०००.०० | ६०००.०० |
| १३३१५ | बिषेश अनुदान पुजिगत | ०.०० | ०.०० | ०.०० | ०.०० |

| राजस्व संकेत | राजस्व शीर्षक | २०७५/०७६ को यथार्थ | २०७६/०७७ को यथार्थ | २०७७/०७८ को यथार्थ | २०७८/०७९ को प्रस्तावित |
|---|---|---|---|---|---|
| १३३१६ | समपुरक अनुदान चालु | ३७८२.९५ | ११२५०.०० | १७२९०.०० | ०.०० |
| १३३१७ | समपुरक अनुदान पुजिगत | ०.०० | ०.०० | ०.०० | १५०००.०० |
| | बिबिध आय | ०.०० | ३३९.५० | १२२८०.३९ | ०.०० |
| | **प्रदेश सरकार अनुदान जम्मा** | **१८२२०.९५** | **८२५५८.५०** | **१०६५९६.३९** | **५७१२९.००** |
| | बिबिध आय | | | | |
| | अन्य केन्द्रिय अनुदानहरु | १२६२१०.३३ | १७३३८०.७३ | २०७९२२.०० | २२८००८.०४ |
| | जि.स.स बाट प्राप्त अनुदानः | ०.०० | ३००७९.७० | ४२६३.९३ | २२९२.४९ |
| | **बिबिध आयको जम्मा** | **१२६२१०.३३** | **२०३४६०.४३** | **२१२१८५.९२** | **२३०३००.५३** |
| | **कुल जम्मा** | **६६९१९७.५४** | **८६९६५४.०७** | **९८९१८५.८९** | **९४७६३४.०६** |

खजुरा गाउँपालिकाको आन्तरिक आय तर्फको आम्दानी संघीय तथा प्रदेश सरकार बाट प्राप्तहुने अनुदानहरुको तुलनामा न्युन देखिन्छ। विगत दुई वर्ष आर्थिक बर्ष २०७६/७७ तथा २०७७/७८ को कुल आय संरचनालाई हेर्दा कुल आयमा आन्तरिक आयको हिस्सा क्रमस २ प्रतिशत रहेको छ भने बाह्य स्रोतको हिस्सा करिव ९८ प्रतिशत रहेको छ। आर्थिक बर्ष २०७६/७७ को तुलनामा आर्थिक बर्ष २०७७/७८ मा आन्तरिक आय तर्फ करिब ८ प्रतिशतले बृद्धि आएको देखिन्छ। त्यस्तै बिगत दुई बर्षको राजश्व बाँडफाँड तर्फ करिब ३० प्रतिशतले बृद्धि आएको छ।

### ४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

**खजुरा गाउँपालिकाको राजस्व संकलन सम्बन्धी संस्थागत व्यवस्था देहाय वमोजिम रहेको छ :**

गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि सात सदस्यीय स्थानीय राजस्व परामर्श समिति गठन गरिएको छ। उक्त समितिमा उद्योग बाणिज्य संघको प्रतिनिधि एक जना, कार्यपालिकाका सदस्यहरु मध्ये एक महिला सहित २ जना सदस्य, प्रमुख प्रशासकिय अधिकृत तथा लेखा प्रमुख सदस्य सचिब रहने गरि ७ सदस्यीय समिति कृयाशिल छ ।

राजस्व परामर्श समितिको संरचना निंनानुसार रहेको छ।

| सि.नं | पदाधिकारीहरु | पद | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाका उपाध्यक्ष | अध्यक्ष | |
| २ | प्रमुख प्रशासकिय अधिकृत | सदस्य | |
| ३ | कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यहरु मध्येबाट एक जना महिला सहित दुई जना | सदस्य | |
| ४ | निजि क्षेत्रको उद्योग बाणिज्य सम्वन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य | |
| ५ | घरेलु तथा साना उध्योग सम्वन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य | |
| ६ | नगरपालिकाको राजस्व शाखाको प्रमुख | सदस्य सचिव | |

राजस्व परामर्श समितिले समय समयमा बैठक गर्ने तथा राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दर र दायरा समेतको विश्लेषण गरी गाउँपालिकामा सिफारिश गर्ने लगायत समितिका काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ। समितिले प्रत्येक बर्ष बैठक बसी आगामी बर्षमा लगाउने विभिन्न कर तथा गैर करहरुको दररेटको सम्बन्धमा शीर्षकगत रुपमा छलफल गरी स्वीकृतिका लागि कार्यपालिका मार्फत गाउँ सभामा पेश गर्ने गर्दछ।

## ४.४. राजश्व परिचालनमा रहेका सवालहरू

खजुरा गाउँपालिकाले राजश्व संकलनका अधिकार क्षेत्र भित्रका धेरैजसो सम्भावनाहरु उपयोगमा ल्याएको भएता पनि कतिपय संभाबित शीर्षकहरु अझै कार्यान्वयनमा ल्याइएको पाइएन । जस्तै साना सवारीहरुको दर्ता, नविकरण तथा व्यवस्थापन, पार्किङ शुल्क, प्रकृतिक श्रोतको (माटो जन्य बस्तु) उत्खनन् तथा बितरण, बिज्ञापन शुल्क, हाट बजारको व्यवस्थापन आदी । समग्रमा यस गाउँपालिकाको राजश्व परिचालनको क्षेत्रमा निम्नअनुसारका प्रमुख सवालहरु विद्यमान रहेको देखिन्छ :

### क) उपयुक्त संगठन निर्माण तथा क्षमता विकास :

राजस्व संकलनलाई प्रभावकारी तथा पारदर्शी बनाउन राजस्व संकलन सम्बन्धी छुट्टै कार्यविधिहरू, आवश्यक जनशक्ति, कार्य स्थल तथा आवश्यक उपकरण सहितको कार्यवातावरण हुनु आवश्यक छ । गाउँपालिकाको संगठनात्मक संरचना सम्वन्धी अध्ययन भएको र स्वही अनुसार दरबन्दीहरु मिलान गरिएको छ । गाउँपालिकाको राजस्व शाखामा एक जना पाचौं तहको कर्मचारीको नेतृत्वमा एक जना सहायक कम्प्टुटर अपरेटर गरी कुल २ जना कर्मचारी कार्यरत रहेका छन् । वडा कार्यालयहरुमा वडा सचिव, सहायक कम्प्युटर अपरेटर सहित सामान्यतया दुई जना कर्मचारी कार्यरत रहेका । नगर कार्यपालिकाको कार्यालय लगायत सवै वडा कार्यालयहरुबाट राजस्व संकलन हुने गरेको तथा सवै बिलिङ सफ्टवयर वेस रहेको । गाउँपालिकाको कार्यालयमा संकलन भएको रकम अर्को दिन तथा वडा कार्यालयहरुमा संकलन भएको राजस्व रकम समेत अर्को दिन बैंक दाखिला गर्ने गरिएको । कर संकलन र व्यवस्थापन प्रभावकारी बनाउन कार्यविधि प्रयोगमा ल्याएको । राजस्व संकलनकालागि उपयुक्त वातावरण हुदाहुदै पनि केही स'धार गर्नुपर्ने अवस्थाहरु बिध्यमान रहेको पाइन्छ । राजस्व शाखामा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धिकालागि कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

### ख. तथ्यांक संकलन तथा अध्याबधिक

हाल गाउँपालिकामा सम्पत्ती कर, भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति हो यकीन तथ्यांकको अभाव देखियो अत आगामी दिनहरुमा क्षेत्रगत रुपमा करदाताको लगत संकलन गर्नुपर्ने र नियमित अध्यावधिक गर्नुपर्ने देखिन्छ । करदाताको लगत संकलन पश्चात् करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा आँकलन गर्न सकिन्छ । पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भएकोले कुन शीर्षकमा कुन करदाताले के कति कर तिरे त्यसको बिबरण पाउने गरि सफ्टवयरमा सुधार गर्नुपर्ने देखिन्छ ।

### ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले विभिन्न तहको आय परिचालन सम्बन्धी कार्यविधि तैयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी ब्यवस्था, अनुगमन जस्ता विषयवस्तुहरु पर्दछन् ।

### घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गर्दा सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुसँग पर्याप्त छलफल गर्ने र सभाबाट स्वीकृत भएको करलाई जनस्तरसम्म प्रचार प्रसार गर्न आवश्यक हुन्छ । गाउँपालिकाले करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन अग्रिम सूचना सम्प्रेषण गर्ने विधिको उपयोग सँगै करदाता शिक्षामा पनि पर्याप्त ध्यान दिनुपर्ने हुन्छ । यसका अतिरिक्त राजस्व प्रशासनमा दण्ड र पुरस्कारको नीतिलाई अवलम्बन गर्नुपर्ने हुन्छ जो गाउँपालिकाले कार्यान्वयनमा ल्याएको पाइयो ।

### ङ. समन्वय संयन्त्र

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखा बीच निरन्तर समन्वयको खाँचो देखिन्छ । त्यसैगरी रोयल्टी लगायतका राजस्व बाँडफाँड सम्बन्धमा संघीय सरकारसँग, सवारी साधन कर तथा घरजग्गा रजिष्ट्रेशन, सवारी साधन शुल्क, बन रोयल्टी लगायतको बाँडफाँडमा प्रदेश सरकारसँग पर्याप्त समन्वय कायम नहुँदा गाउँपालिकामा प्राप्त हुने स्रोत नियमित रुपमा प्राप्त नहुन सक्दछ ।

# परिच्छेद-५

# राजस्व सुधार कार्ययोजना

खजुरा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा मिति २०७८/०९/१३ गतेका दिन गाउँपालिकाको सभा हलमा अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो भने मिति २०७८/१२/११ का दिन कार्ययोजना निर्माण सम्वन्धी कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो । उक्त कार्यशालामा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष लगायत कार्यपालिका सदस्यहरू, कार्यालयका शाखा प्रमुख, राजश्व र लेखा शाखाका कर्मचारीहरु र वडा सचिवहरु लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यशालामा सहभागीहरूसंगको छलफल र समुहगत अध्यासवाट राजस्व सुधार कार्ययोजना तयार गरिएको थियो । सहभागिहरुको तर्फवाट चालु आ.व को आर्थिक ऐन २०७८ अनुसार राजश्वको विभिन्न शिर्षकहरुमा समुहगत रुपमा छलफल गरि सवल पक्ष, कमजोर पक्ष, अवसर एवं चुनौतिको विश्लेषण गरिएको थियो । कार्यशालाबाट प्राप्त सुझावहरु समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तैयार गरिएको छ । कार्ययोजनालाई मुख्यतया दुई भागमा बाँडिएको छ । पहिलो भागमा कर तथा गैर कर राजश्व सुधार योजना तथा दोश्रो भागमा राजश्व प्रशासन सम्वन्धी कार्य योजना समाबेश गरिएको छ ।

राजस्व सुधार योजना बनाउने क्रममा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा बैजनाथ गाउँपालिकाको आर्थिक



समुहको प्रस्तुतिकरणको क्रममा उपाध्यक्षज्यू



समुहका कार्य गर्दै

ऐन २०७८ ले निर्दिष्ट गरे बमोजिमका करका दर र दायरा वृद्धि गर्न गाउँपालिका पदाधिकारीहरू एवं कर्मचारीहरुसँग छलफल गरी निम्नानुसार गर्ने गरी **राजस्व सूधार कार्ययोजना** प्रस्ताव गरिएको छ ।

## ५.१ कर तथा गैर कर राजश्व सुधार कार्ययोजना

**तलिका: कर तथा गैर कर राजस्व सूधार कार्ययोजना**

| कर राजश्वका शीर्षकहरु | सुधारका लागि गर्नु पर्ने कार्यहरु | सयमावधी | जिम्मेवारी |
|---|---|---|---|
| सम्पत्ति कर | ▪ मालपोत कार्यालयबाट समेत वडागतरुपमा सुचनाहरु ल्याई जग्गा र जग्गा धनि एकिन गर्ने ।<br>▪ प्रत्येक वडाका घरहरुलाई बर्गिकरण गर्ने, अभिलेखिकरण गर्ने । सकिन्छ भने वडागत रुपमा घर नम्बर समेत दिने ।<br>▪ जग्गाको वर्गीकरण गर्ने सडक पहंचको आधारमा<br>▪ सम्भाव्य सम्पत्ति करदाता सबैको विवरण संकलन गर्ने । नियमित तथ्यांकहरु अद्यावधिक गर्ने ।<br>▪ सम्पत्ति कर सम्बन्धी जनचेतना शिविर सञ्चालन गर्ने । | आ.व. २०७९।८० देखि निरन्तर | सूचना प्रविधि शाखा वडा कार्यालयहरु, राजस्व शाखा, राजश्व परामर्श समिति |

